# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail .com

वर्ष १२ | अंक ३४३ | काठमाडौं | आइतबार, २९ चैत २०८२ | Prabhab National Daily | Sunday, 12 April 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


## भोलिदेखि 'शून्य बाँकी फाइल अभियान' सञ्चालन गर्दै सरकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले भोलि (चैत ३०) देखि सप्ताहव्यापी 'शून्य बाँकी फाइल अभियान' सञ्चालन गर्ने भएको छ । आगामी वैशाख ७ गतेसम्म सञ्चालन गर्ने यो अभियानका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सबै सरकारी कार्यालयमा 'शून्य बाँकी फाइल सप्ताह अभियान सञ्चालनसम्बन्धी मार्गदर्शन, २०८२' सार्वजनिक गरेको छ ।

कार्यालयमा दर्ता भएका फाइल, सुरुवात भएका टिप्पणीलगायतका फाइल विभिन्न तह र टेबलमा अनावश्यक रूपमा थन्किने, निर्णयमा ढिलाइ हुने प्रवृत्ति रोक्नका लागि यस्तो अभियान सञ्चालन गर्न लागिएको प्रधानमन्त्री कार्यालयले उल्लेख गरेको छ । यस्तै, तलै कार्यान्वयन गर्नुपर्ने फाइल अनावश्यक रूपमा माथिल्लो तहमा पठाइने तथा सेवाप्रवाह प्रभावित हुने अवस्थालाई न्यूनीकरण गर्न सबै सरकारी कार्यालयमा शून्य बाँकी फाइल सप्ताह अभियान सञ्चालन गर्न लागिएको स्पष्ट पारिएको छ ।

यस अभियानको मुख्य उद्देश्य कुनै पनि चालु अवस्थामा रहेका फाइल अनिश्चित समयसम्म अड्केर नबसोस्, जिम्मेवारी स्पष्ट होस् र काम हुने वा नहुने विषयको समयमै टुंगो लागोस् भन्ने रहेको मार्गदर्नमा उल्लेख छ । सोही उद्देश्यले भोलि चैत ३० गतेदेखि

- अब तीन दिन, सात दिन वा १५ दिनभन्दा बढी समयदेखि रोकिएका फाइलमा स्वतः समीक्षा प्रक्रिया लागू गर्नुपर्ने
- निर्णय गर्न सकिने विषयलाई अनावश्यक रूपमा माथिल्लो तहमा नपठाइ सम्बन्धित तहबाटै टुंग्याउने पद्दतिको विकास गर्नुपर्ने
- अभियान सञ्चालनपछि पेण्डिङ फाइलको संख्या घट्ने, जिम्मेवारी स्पष्ट हुने, निर्णय प्रक्रियामा गति आउने, सेवा प्रवाहमा सुधार हुने, कार्यालयमा फाइल थन्किने संस्कारमा कमी आउने अपेक्षा
- जानाजान फाइल थन्क्याउने, अनावश्यक ढिलाइ गर्ने वा जिम्मेवारीबाट पन्छिने कर्मचारीमाथि विभागीय कारबाही हुने

आगामी वैशाख ७ गतेसम्म सबै सरकारी कार्यालयमा शून्य बाँकी फाइल सप्ताह अभियान सञ्चालनका लागि मार्गदर्शन जारी गरिएको उल्लेख गरिएको छ ।

मार्गदर्शनअनुसार, कार्यालयमा थन्किएका तथा अनीर्णित फाइलको प्रक्रिया पूरा गरी शीघ्र टुंगो लगाउनु, कुन फाइल कुन पदाधिकारी समक्ष कति दिन रह्यो भनी दैनिक रूपमा अभिलेख राख्नु रहेको छ ।

क्रमशः पृष्ठ २ मा

## प्रधानमन्त्री शाहको 'मौन शासन'



जनताको सार्वभौमसत्ता सम्पन्न थलोमा आएर आफैंले आह्वान गरेको अधिवेशनमा उसले बोल्नुपर्ने आवश्यकता ठान्दैन । के हामी लोकतन्त्रतिर गइराख्याछौं कि स्वेच्छाचारी शासनतर्फ ?

■ **शंकर पोखरेल**
महासचिव, नेकपा एमाले



प्रधानमन्त्रीले मुलुकवासीको नाममा त्यही संसद्बाट सम्बोधन गरेर धन्यवाद भन्ने वा आफ्नो योजना सुनाउने, यो-यो काम गर्ने कार्ययोजना थाहा दिनुपर्ने थियो । त्यो बहुप्रतिक्षित र बहुअपेक्षित थियो ।

■ **नरेन्द्रकुमार केरुङ**
सांसद, नेपाली कांग्रेस



प्रधानमन्त्री मौन रहे कार्यपालिका र व्यवस्थापिकाबीचको सम्बन्ध कमजोर बनाउने जोखिम हुन्छ ।

■ **निलाम्बर आचार्य**
राजनीतिक विश्लेषक



■ जेबी योञ्जन

**काठमाडौं–** झण्डै दुईतिहाइ बहुमतसहित शक्तिशाली सरकारको नेतृत्व सम्हालेका प्रधानमन्त्री वालेन्द्र शाह प्रतिनिधिसभामा निरन्तर मौन देखिए । उनी प्रधानमन्त्री बनेको दुई सातामा छ वटा प्रतिनिधिसभा बैठक बस्यो । प्रतिनिधिसभाको रोस्ट्रमबाट एकपटक पनि सम्बोधन गरेनन् । उनको यस्तो कार्यशैलीमाथि राजनीतिक वृत्त, संवैधानिक विज्ञ र नागरिक तहबाट प्रश्न उठ्न थालेको छ ।

'चुपचाप घण्टीछाप'को नारासहित निर्वाचन जितेका शाहको प्रधानमन्त्री भएपछि प्रतिनिधिसभामा सम्बोधन बहुप्रतिक्षित थियो । तर, सत्ता सम्हालेपछि पनि त्यही शैली कायम राख्दा संसदीय अभ्यासविपरीत र संसद्प्रति अनुत्तरदायी भएको भन्दै आलोचना भइरहेको छ ।

नेकपा एमालेका महासचिव शंकर पोखरेलले प्रधानमन्त्री शाहको यो अस्वाभाविक शैलीलाई 'स्वेच्छाचारी शासनतर्फ उन्मुख' कदम भएको आरोप लगाए । पार्टी केन्द्रीय कार्यालयमा शनिबार आयोजित एक कार्यक्रममा पोखरेलले सेनाको कार्यक्रममा गएर शाहले बोलेको तर प्रतिनिधिसभामा नबोलेकोप्रति आलोचना गरे । 'सुरक्षा निकायले आयोजना गरेका कार्यक्रमहरूमा गएर प्रधानमन्त्री समय दिन सक्तछ, बोल्न सक्तछ, जनताको सार्वभौमसत्ता सम्पन्न थलोमा आएर आफैंले आह्वान गरेको अधिवेशनमा उसले बोल्नुपर्ने आवश्यकता ठान्दैन । के हामी लोकतन्त्रतिर गइराख्याछौं कि स्वेच्छाचारी शासनतर्फ गइरहेका छौं,' उनले भने ।

१५ चैतयता प्रतिनिधिसभाको छ वटा बैठक बसेर अधिवेशन अन्त्य भइसकेको छ । ती सबै बैठकमा प्रधानमन्त्री उपस्थित भए पनि उनले कुनै विषयमा बोले न आफूलाई मतदान गरेर विजयी गराउने मतदातालाई धन्यवाद दिए । आफू नेतृत्वको सरकारको प्राथमिकता, नीति तथा कार्यक्रमबारे संसद्लाई जानकारी पनि गराएनन् ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य नरेन्द्रकुमार केरुङले मौन रहने प्रधानमन्त्री शाहको स्वभाव भए पनि बैठकमा सम्बोधन 'बहुप्रतिक्षित र बहुअपेक्षित' भएको बताए । परिवर्तित राजनीतिक सन्दर्भमा प्रधानमन्त्री शाहको सम्बोधन आवश्यक रहेको भन्दै केरुङले थप भने, 'कार्यशैली त आ-आफ्नो हुन्छ । तर, मुलुकवासीको नाममा त्यही संसद्बाट सम्बोधन गरेर धन्यवाद भन्ने वा आफ्नो योजना सुनाउने, यो यो काम गर्ने स्ट्राटेजी थाहा दिनुपर्ने थियो र त्यो बहुप्रतिक्षित र बहुअपेक्षित थियो ।'

संसदीय प्रणालीमा प्रधानमन्त्री संसद्प्रति प्रत्यक्ष उत्तरदायी हुनुपर्छ । संविधानको मर्म र भावनाअनुसार संसद् कानुन निर्माण गर्ने थलोमात्र होइन, कार्यपालिकालाई नियन्त्रण र निर्देशन दिने सर्वोच्च राजनीतिक मञ्च पनि हो । यस्तो अवस्थामा प्रधानमन्त्रीको मौनता सामान्य व्यवहार नभएको विश्लेषकहरू बताउँछन् ।

वरिष्ठ राजनीतिक विश्लेषक निलाम्बार आचार्यका अनुसार प्रधानमन्त्रीको संसद्मा बोल्नु औपचारिकता होइन, लोकतान्त्रिक संस्कृतिको महत्त्वपूर्ण अंश हो । संसद्मा व्यक्त हुने प्रधानमन्त्रीको अभिव्यक्तिले सरकारको दिशा, प्राथमिकता र प्रतिबद्धता स्पष्ट पार्छ । तर, यतिबेला प्रधानमन्त्रीले संसद्लाई बेवास्ता गरेको सन्देश जानु राम्रो संकेत नभएको आचार्यको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## विमानस्थलमा रसिद देखाउनुपर्ने निर्णयबाट पछि हट्यो सरकार

### अध्यागमन विभागले भन्यो- श्रम स्वीकृतिपत्रबाहेक कुनै पनि रसिद विमानस्थलमा पेस गर्नु पर्दैन

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने श्रमिकले विमानस्थलमा रसिद देखाउनुपर्ने व्यवस्था कार्यान्वयन नहुने भएको छ । अध्यागमन विभागले वैदेशिक रोजगारीमा जाने श्रमिकले श्रम स्वीकृतिपत्रबाहेक भुक्तानी गरिएका कुनै पनि रसिद विमानस्थलमा पेस गर्नु नपर्ने स्पष्ट गरेको हो ।

नयाँ सरकार गठन भएसँगै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी सम्हालेका दीपककुमार साहले 'फ्रि भिसा, फ्रि टिकट' को प्रावधान कार्यान्वयनमा कडाइ गर्ने भन्दै विमानस्थलमा अनिवार्य म्यानपावरलाई बुझाएको रकमको रसिद देखाउनुपर्ने व्यवस्था आज (चैत २९) देखि लागू गर्ने तयारी गरेको थियो । मन्त्रालयको निर्देशनबमोजिम अध्यागमन विभागले चैत २९ गतेबाट टिकट र म्यानपावरलाई भुक्तानी गरेको रसिद पनि बोक्न सूचना जारी गरेको थियो ।

उक्त निर्णय कार्यान्वयन गर्न नपाउँदै मन्त्री साह बर्खास्तीमा परे । शुक्रबार नयाँ श्रममन्त्रीमा रामजी यादव नियुक्त भएका छन् । नयाँ मन्त्रीले कार्यभार सम्हाल्नुअघि नै विभागले शनिबार सूचना जारी गरी त्यस्तो कुनै रसिद आवश्यक नपर्ने जनाएको छ ।

त्यसो त उक्त व्यवस्था लागू गर्न लागिएकोप्रति विरोधका आवाज उठेका थिए । वैदेशिक रोजगार व्यवसायीहरूले रसिद देखाउने व्यवस्था कार्यान्वयन गर्न नसकिने बताएका थिए । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले श्रममन्त्रीसमक्ष ज्ञापनपत्र नै बुझाएर रसिद देखाउनुपर्ने व्यवस्था कार्यान्वयन नगर्न दबाब दिएको थियो । सोही दबाब र विरोधपछि मन्त्रालय पछि हटेको हो ।

तर, अध्यागमन विभागले शनिबार जारी गरेको सूचनामा भने चैत २३ गते प्रकाशित सूचनाबारे गलत समाचार प्रवाह हुँदा त्यसले वैदेशिक रोजगारीमा जाने श्रमिकमा अन्योल पैदा गरेको भन्दै आफ्नै सूचनाको बचाऊ गरिएको छ । जबकि, २३ गतेको सूचनामा प्रस्ट रूपमा रसिद बोकेर आउन आह्वान गरिएको छ ।

'वैदेशिक रोजगार विभागबाट जारी भएको श्रम स्वीकृति र राहदानीलगायतका न्यूनतम आधारभूत कागजातबाहेक नेपाली श्रमिकहरूले नेपालबाहिर प्रस्थान गर्दा अध्यागमन कार्यालयमा थप कुनै पनि कागजात तथा बिल/रसिद पेस गर्न नपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ,' विभागद्वारा शनिबार जारी सूचनामा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

## पश्चिम एसियाका सबै देशमा पुनःश्रम स्वीकृति खुलाउन परराष्ट्रको सिफारिस



**काठमाडौं (प्रस)–** पश्चिम एसियामा दुई साताको युद्धविराम भएसँगै त्यहाँका सबै गन्तव्य मुलुकमा पुनःश्रम स्वीकृति दिन परराष्ट्र मन्त्रालयले सिफारिस गरेको छ । शुक्रबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा पछिल्लो परिस्थितिलाई मध्यनजर गर्दै श्रम स्वीकृति नवीकरण र वैधानिकीकरण श्रम स्वीकृति खुलाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सिफारिस गरिएको जानकारी दिएको छ ।

परराष्ट्रको 'इमर्जेन्सी रेस्पोन्स टिम'को पाँचौं बैठकले निर्णय गरी उक्त सिफारिस गरेको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए । इजरायल-अमेरिका र इरानबीचको युद्धको जोखिमलाई मध्यनजर गर्दै सरकारले गत फागुन १७ गतेदेखि सबै प्रकारका श्रम स्वीकृति स्थगित गरेको थियो । त्यसपछि चैत ३ गते सूचना जारी गर्दै साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (युएई), कतार, ओमान, यमन, जोर्डन र टर्कीको श्रम स्वीकृति नवीकरण खुलाएको थियो । इरान, इजरायल, बहराइन, कुवेत, इराक र लेबनानका लागि भने हालसम्म सबै प्रकारका श्रम स्वीकृति दिइएको छैन ।

क्रमशः पृष्ठ २ मा

## एजेन्सी तथा विज्ञापनदाताहरूमा रकम भुक्तानी गरी दिनु हुन अत्यन्त जरुरी सूचना !

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**सँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूमा विज्ञापन प्रकाशन गरे वापत हालसम्मको **बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८२ चैत्र ३० गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन यो **सार्वजनिक सूचना** प्रकाशित गरिएको छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा हिसाब मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रही आएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराउँदै आइरहेको छुट सुविधा समेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनीहरूका सञ्चालकको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानुन वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल
फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
E-mail : marketing2prabhab@gmail .com



सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार
HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life
हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# आइतबार 'ओपिडी' सञ्चालन नगर्ने अडानमा चिकित्सक संघ

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार पनि बहिरंग (ओपिडी) सेवा सञ्चालन गर्न निर्देशन दिएपछि नेपाल चिकित्सक संघले गम्भीर ध्यानाकर्षण भएको बताउँदै सो निर्णयमा पुनर्विचार गर्न माग गरेको छ ।

सरकारले शनिबार र आइतबार दुई दिन बिदा गर्ने व्यवस्था लागू गरेपछि स्वास्थ्य सेवा प्रभावित नबनोस् भन्ने उद्देश्यले स्वास्थ्य मन्त्रालयले अस्पतालहरूलाई आइतबार पनि बहिरंग सेवा सञ्चालन गर्न आग्रह गरेको थियो । अस्पतालहरूले आफ्नो कार्यभार हेरी बहिरंग सेवा सञ्चालन गर्न र सट्टा बिदा मिलाएर भए पनि सेवा प्रवाह गर्न मन्त्रालयले निर्देशन दिएको थियो ।

सो निर्देशन प्राप्त भएपछि संघले एक




## दुई दिन बिदाको प्रभाव

विज्ञप्ति जारी गर्दै पर्याप्त जनशक्ति अभाव र बढ्दो कार्यभारका कारण उक्त निर्देशन कार्यान्वयन गर्न कठिनाइ हुने भएकाले आइतबार बहिरंग सेवा सञ्चालन गर्न सम्भव नभएको जनाएको हो ।

चिकित्सक तथा स्वास्थ्यकर्मीले ९-५ बाहेक 'अनकल', 'राउण्ड' तथा आकस्मिकलगायत २४सै घण्टा सेवा प्रदान गरिरहेको अवस्थामा उक्त समय गणना नहुनु अन्यायपूर्ण रहेको संघले जनाएको छ । पर्याप्त जनशक्ति व्यवस्थापन नभएसम्म मन्त्रालयको उक्त निर्देशन कार्यान्वयन गर्न नसकिने संघको ठहर छ ।

यसैबीच विभिन्न अस्पताल तथा प्रतिष्ठानले फरक-फरक सूचना जारी गरेका छन् । त्रिवि शिक्षण अस्पताल, मनमोहन कार्डियो थोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतले आकस्मिकबाहेक आइतबार बहिरंग सेवा पूर्णरूपमा बन्द गर्ने निर्णय गरेका छन् । उता राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, भरतपुर अस्पतालले भने आइतबार पनि सेवा सञ्चालन गर्ने जनाएका छन् ।

संघले विभिन्न स्वास्थ्य संस्थामा फरक-फरक दिन बिदा दिँदा अस्पतालहरूले दिने बिदामा एकरूपता नहुने र स्वास्थ्य सेवा लिने बिरामीहरू अन्योलमा पर्ने भएकाले स्वास्थ्य सेवा प्रवाहमा गम्भीर असर पुग्ने जनाएको छ । संघले ज्यादै न्यून सेवा सुविधा दिई जबरजस्ती सेवामा खटाउने परिपाटी अन्त्य नभए चिकित्सक तथा स्वास्थ्यकर्मी संघर्षमा उत्रिन बाध्य हुने भन्दै चेतावनी दिएको छ ।

# जेन-जी घाइतेलाई निःशुल्क एमबिबिएस नियमसम्मत रहेको दाबी

**काठमाडौं (प्रस)–** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जेन-जी आन्दोलनकी घाइते एकता शाहलाई निःशुल्क एमबिबिएस अध्ययनको अवसर दिने विषय ऐन नियमविपरीत नभएको जनाएको छ ।

चिकित्सा शिक्षा आयोगको व्यवस्थाअनुसार छात्रवृत्ति 'मेरिट' र कानुनी मापदण्डका आधारमा वितरण हुने गरेकामा यस वर्ष एमबिबिएस सिटका लागि विद्यार्थी छनोट भइसक्दा पनि शाहलाई नियमविपरीत कोटा दिइएको भन्दै विरोध भएको थियो । मन्त्रालयले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै सो समाचारप्रति ध्यानाकर्षण भएको समेत जनाएको छ ।

जारी विज्ञप्तिमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार व्यवस्था गरिएको निःशुल्क छात्रवृत्ति कोटाअन्तर्गतको नभएर अतिरिक्त कोटाका रूपमा विशेष छात्रवृत्ति कोटामा अध्ययन गराउने गरी सरकारले बजेट व्यवस्थापन गरी निर्णय गरिएको मन्त्रालयले स्पष्ट पारेको छ ।

मन्त्रालयका अनुसार सरकारको यस निर्णयले प्रचलित कानुनबमोजिम अरु कसैले पाउने अवसरलाई संकुचन एवं बाधासमेत नपरेको जनाइएको छ । जेन-जी आन्दोलनका क्रममा घाइते तथा अपांगता भएका व्यक्तिहरूलाई राहत सहायता उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८२ को दफा ११ अनुसार नै चिकित्सा शिक्षा आयोगको अनुरोध र यस मन्त्रालयको नियमानुसारको प्रस्तावमा यो निर्णय भएको विज्ञप्तिमा उल्लेख छ ।

चिकित्सा शिक्षा आयोगबाट शैक्षिक वर्ष २०८२/८३ का लागि सञ्चालन भएको एमबिबिएस प्रवेश परीक्षामा शाहले ५७.५ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण भएका थियो । यही चैत १ गते बसेको मन्त्रिपरिषद् बैठकले उनलाई अतिरिक्त छात्रवृत्ति कोटामा एमबिबिएस पढाउने निर्णय गरेको थियो ।

पृष्ठ १ बाट क्रमशः

## प्रधानमन्त्री...

'संसदीय प्रणालीमा प्रधानमन्त्री संसद्प्रति जवाफदेही हुनुपर्छ, उत्तरदायी हुनुपर्छ र यो स्वेच्छिक होइन अनिवार्य हो,' उनले प्रभावसँग भने, 'प्रधानमन्त्री मौन रहे कार्यपालिका र व्यवस्थापिकाबीचको सम्बन्ध कमजोर बनाउने जोखिम हुन्छ ।'

प्रधानमन्त्री शाहले नेपाली सेनाको एक कार्यक्रमलाई हालै सम्बोधन गरेका थिए । सार्वभौम जनताको प्रतिनिधित्व रहने संसद्मा भने मौन रहेपछि आलोचकहरूले प्रश्न गरिहेका छन्- प्रधानमन्त्रीका लागि कुन मञ्च बढी महत्त्वपूर्ण हो ?

संसदीय प्रणालीमा जनताले दिएको जनादेशको सम्मान गर्न पनि संसद्बाट धन्यवाद दिनु र आफ्नो योजना देशवासीसँग सार्वजनिक गर्नु आवश्यक मानिन्छ । तर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद समीक्षा बाँस्कोटाले प्रधानमन्त्री शाह बोल्नेभन्दा काम गर्ने नेतृत्व भन्दै बचाउ गरेका छन् । उनले भनिन्, 'उहाँ एक्सन ओरियन्टेट लिडर हो । उहाँले बोल्ने विषय प्राथमिकतामा राख्नुहुन्न, काम गर्ने विषय उहाँको प्राथमिकतामा पर्छ, हिजो नेताहरूले कति बोले बोले, विकास भयो त बोलेर ?'

शाह १३ चैतमा प्रधानमन्त्री बनेका हुन् । प्रतिनिधिसभाको पहिलो बैठक १५ चैतमा बस्यो । छैटौं बैठक २७ चैतमा बस्यो र राष्ट्रपतिले संसद् अवधिवेशन अन्त्य गरे । यसबीचमा प्रधानमन्त्री पटक-पटक बैठकमा सहभागी भए तर रोस्ट्रममा उक्लिएनन् । उनको यो शैली यतिबेला विवादित बनेको हो ।

■■■

## भोलिदेखि...

मार्गदर्शनअनुसार अब तीन दिन, सात दिन वा १५ दिनभन्दा बढी समयदेखि रोकिएका फाइलमा स्वतः समीक्षा प्रक्रिया लागू गर्नुपर्ने छ ।

निर्णय गर्न सकिने विषयलाई अनावश्यक रूपमा माथिल्लो तहमा नपठाइ सम्बन्धित तहबाटै टुंग्याउने पद्दतिको विकास गर्नुपर्ने छ । काम हुने वा नहुने फाइलको स्पष्ट टुंगो लगाउनु र सेवा प्रवाहमा गति, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्नुपर्ने छ ।

दैनिक रूपमा प्रत्येक कार्यालय, महाशाखा, शाखा वा एकाइले दैनिक रूपमा दर्ता नम्बर, टिप्पणी फाइलको विषय, दर्ता मिति, हाल फाइल रहेको टेबल वा जिम्मेवार कर्मचारी वा पदाधिकारी, उक्त टेबल वा तहमा बसेको दिन संख्या, कूल पेण्डिङ दिन, हाल फाइलको प्रगति अवस्था, ढिलाइ हुनाको कारण र निर्णय हुने अपेक्षित मितिसहितको विवरणसहितको फाइल सूची तयार पार्नुपर्ने मार्गदर्शनमा समावेश छ ।

मार्गदर्शनअनुसार, फाइल ट्र्याकिङलाई अभियानको मुख्य आधार मानिने छ । हरेका कार्यालयले स्पष्ट रूपमा वा देखिनेगरी कुन फाइल कहाँ कसको जिम्मामा कति दिनदेखि रहेको छ भन्ने विवरण दैनिकरूपमा अद्यावधिक गर्नुपर्ने छ ।

यस्तै, पुराना फाइलको प्रारम्भिक समीक्षा गर्नुपर्ने छ । एक टेबलमा वा तहमा तीन दिनभन्दा बढी रहेको फाइलमा सम्बन्धित शाखा प्रमुख वा जिम्मेवार अधिकारीले कारण समीक्षा गरी तुरुन्त निर्णय वा कार्यान्वनय प्रक्रियामा अगाडि बढाउनुपर्ने छ । सात दिनभन्दा बढी रोकिएका फाइलमा महाशाखा प्रमुख वा कार्यालय प्रमुखस्तरबाट अनिवार्य समीक्षा गरी ढिलाइको कारण पत्ता लगाउने, जिम्मेवार पक्ष स्पष्ट गर्ने र टुंग्याउने समयसीमा तोक्नुपर्ने व्यवस्था मार्गदर्शनले गरेको छ ।

शून्य बाँकी फाइल सप्ताह अभियान समन्वय समिति गठन गरिएको छ । सो समितिमा कार्यालय प्रमुख संयोजक, सम्बन्धित महाशाखा प्रमुख, प्रशासन प्रमुख योजना अनुमगन शाखा प्रमुख सदस्य रहने छन् । यस्तै, सूचना प्रविधि प्रतिनिधि र कार्यालय प्रमुखले तोकेको कर्मचारी भने सदस्यसचिव रहने व्यवस्था गरिएको छ ।

मार्गदर्शनले कार्यालय प्रमुख, महाशाखा प्रमुख, शाखा प्रमुखको पनि काम कर्तव्य तथा अधिकार स्पष्ट पारेको छ । अभियान अवधिभर प्रत्येक कार्यालयले दैनिक प्रगति विवरण राख्नुपर्ने छ । त्यसमा सुरुमा रहेको कूल पेण्डिङ फाइल संख्या, अभियान अवधिमा प्राप्त नयाँ फाइल संख्या, टुंगिएका फाइल संख्या, बाँकी रहेका फाइल संख्या, १५ दिनभन्दा पुराना बाँकी रहेका फाइल संख्या र मुख्य समस्या तथा सुधारका लागि सुझाव उपलब्ध गराउनुपर्ने छ ।

यो अभियान सञ्चालनपछि पेण्डिङ फाइलको संख्या घट्ने, जिम्मेवारी स्पष्ट हुने, निर्णय प्रक्रियामा गति आउने, सेवा प्रवाहमा सुधार हुने, कार्यालयमा फाइल थन्किने संस्कारमा कमी आउने बताइएको छ ।

यस्तै, अभियान प्रभावकारी रूपमा सञ्चालन गर्ने कर्मचारीलाई प्रशंसा, प्रमाणपत्र वा उपयुक्त प्रोत्साहन दिन सकिने पनि मार्गदर्शनमा उल्लेख छ । तर, जानाजान फाइल थन्क्याउने, अनावश्यक ढिलाइ गर्ने वा जिम्मेवारीबाट पन्छिने कर्मचारीको हकमा प्रचलित कानुनबमोजिम विभागीय कारबाही प्रक्रिया अगाडि बढाउन सकिने बताइएको छ ।

■■■

## विमानस्थलमा...

विभागले विदेश यात्रा गर्ने नेपाली नागरिक कुनै पनि किसिमको भ्रममा नपरी गन्तव्य मुलुक र यात्राका बारेमा पूर्णरूपमा सुसूचित भई निर्धक्क यात्रा गर्न अनुरोध गरेको छ ।

'भिजिट भिसा'मा नेपालबाट प्रस्थान गर्ने नेपाली नागरिकले कम्तीमा छ महिना म्याद भएको राहदानी, गन्तव्य मुलुकसम्मको हवाई टिकट र सम्बन्धित मुलुक प्रवेशको अनुमति (भिसा) भएमा स्वघोषणासहित विदेश जान पाउने व्यवस्था यसअघिदेखि नै कार्यान्वयनमा रहेको विभागले जनाएको छ ।

■■■

## पश्चिम एसियाका...

श्रम मन्त्रालयले नवीकरण खुलाउने विषयको निर्णय ननवनियुक्त मन्त्रीले कार्यभार सम्हालेपछि गर्ने जानकारी दिएको छ । परराष्ट्रका प्रक्ता क्षेत्रीले इरानमा रहेका सबै नेपाली सुरक्षित नै रहेको जानकारी दिए । 'इरानमा रहेका ११ जना नेपाली सबैजना सकुशल नै हुनुहुन्छ,' उनले भने, 'तीमध्येका अमृत झाको विषयमा तस्करीको आरोप लागेकाले वकिलले सम्बन्धित सरकारी अधिकारीसँग अप्रिल ११ मा भेट्ने तय भएको छ ।'

परराष्ट्रका अनुसार हालसम्म पश्चिम एसियामा घाइते हुने नेपालीको संख्या २८ पुगेको छ । उनीहरूमध्ये २७ जना उपचार गराएर घर फर्किसकेका छन् । पछिल्लो एक सातामा सो क्षेत्रमा आठ जना नेपाली घाइते भएकामा सात जना सामान्य घाइते भएकाले उपचार गराएर घर फर्किएका छन् भने एक जनाको थप उपचार भइरहेको जनाइएको छ । घाइतेको हात र पेटमा चोट लागे पनि खतरामुक्त रहेको प्रवक्ता क्षेत्रीले बताए ।

द्वन्द्व सुरु भएयता मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागबाट सञ्चालित अनलाइन दर्ता प्रणालीमा नेपाल फर्कन चाहने ८७ हजार ५७७ जनाले नाम दर्ता गराएका जनाइएको छ । हाल दर्ता प्रणाली र नियोगहरूमा नाम दर्ता गराउनेहरूको संख्या न्यून हुँदै गएको मन्त्रालयको भनाइ छ । युद्धविराम भएसँगै उडान अवरुद्ध भएर पछिल्ला रोकिएका शवहरू ल्याउने कार्य भइरहेको पनि मन्त्रालयले जनाएको छ ।

कतारले रमजानको अवसरमा विभिन्न कारणले जेलमा रहेका तीन जना नेपालीहरूलाई आममाफी दिएको पनि प्रवक्ता क्षेत्रीले बताए । 'कतारका अमिर शेख तमिम बिन हमाद अल थानीले पवित्र रमजानको अवसरमा तीन जना नेपालीलाई आममाफी दिनुभएको छ,' उनले भने, 'यस विषयमा नेपाली दूतावास दोहा सम्बन्धित निकायसँग सम्पर्कमा रहने र आवश्यक प्रक्रिया पूरा भएपछि नेपाल फर्कनुहुन्छ ।'

पछिल्लो साता भ्रामक सूचना सम्प्रेषण गरेको आरोपमा कोही पनि नेपाली पक्राउ नपरेको मन्त्रालयको भनाइ छ । यद्यपि, साइबर कानुन आकर्षित हुने विषयमा अझै पनि सतर्कता अपनाउन आवश्यक भएको भन्दै त्रास फैलाउने फोटो भिडियो या सामग्रीहरू कुनै पनि माध्यमबाट सेयर नगर्न आग्रह गरिएको छ । यस्तो प्रकरणमा इजरायल-इरान युद्धयता ११ जना नेपाली पक्राउ परेका छन् ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/३० गते**

यस कम्पनीको मिति २०८२/११/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार **ओपन कन्सल्टेन्ट एण्ड रिसर्च सेन्टर** (प्रा.लि. नं. ७०१२६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिन्ले व्यहोर्नुपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको मिति २०८२/१२/१९ को निर्णयानुसार नाम परिवर्तन गरी **ल्यान्ड म्याट्रिक्स इन्फ्रा कन्स्ट्रक्सन एण्ड कन्सलटेन्ट प्रा.लि.** कायम गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/२९ गते**

यस कम्पनीको मिति २०८२/१२/१८ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार **मेची ए.ए.सी ब्रिक उद्योग** (प्रा.लि.नं.१४०६६३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिन्ले व्यहोर्नुपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको मिति २०८२/१२/२५ को निर्णयानुसार नाम परिवर्तन गरी **मेची इन्डष्ट्रिज प्रा.लि.** कायम गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, २९ चैत, २०८२

| | |
|---|---|
| मेष | मन प्रफुल्ल रहनेछ । सूर्यदेवको स्तुतिबाट दिनको सुरुवात गर्नुहोस् । |
| वृष | रोकिएका काम बन्नेछन् । लक्ष्मी माताको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोस् । |
| मिथुन | मित्रजनबाट धोका मिल्न सक्छ । दुर्गा माताको प्रार्थना गर्दै दिनको सुरुवात गर्नुहोस् । |
| कर्कट | नयाँ योजना बन्ने योग रहेको छ । भगवान् चन्द्रशेखरको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोस् । |
| सिंह | थकानको महसुस हुन सक्छ । हनुमान चालिसाको पाठ गरी अघि बढ्नुहोस् । |
| कन्या | परिवारको साथ-सहयोग मिल्न सक्छ । राम नामको पाठ गर्नु राम्रो हुनेछ । |
| तुला | सामाजिक प्रतिष्ठा बढ्ने योग रहेको छ । भगवान श्रीकृष्णको स्मरणबाट दिनको सुरुवात गर्नुहोस् । |
| वृश्चिक | शरीरमा ऊर्जा बढ्नेछ । कालभैरव भगवान्को स्मरण गर्दै दिनको सुरुवात गर्नुहोस् । |
| धनु | कार्य सफल रहनेछ । भगवान् कुबेरको स्तुति गर्नुहोस् । |
| मकर | व्यस्तताले भरिएको समय रहनेछ । महाकालको स्मरण गरी दिनको सुरुवात गर्नुहोस् । |
| कुम्भ | अनावश्यक झमेलामा नफस्नुहोस् । सिद्धिविनायकको स्तुति गरी अघि बढ्नुहोस् । |
| मीन | बदनाम हुनबाट जोगिनुहोस् । हरे कृष्ण महामन्त्रको जप गरी दिनको सुरुवात गर्नुहोस् । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२९ चैत, २०८२ (१२ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४८ .०७ | १४८ .६७ |
| युरो | १ को | १७३ .४४ | १७४ .१४ |
| पाउन्ड स्टिर्लङ | १ को | १९९ .०१ | १९९ .८२ |
| स्विस फ्रैन्क | १ को | १८७ .६१ | १८८ .३७ |
| अस्ट्रेलियन डलर | १ को | १०४ .६९ | १०५ .११ |
| क्यानाडियन डलर | १ को | १०७ .०३ | १०७ .४६ |
| सिङगापुर डलर | १ को | ११६ .२२ | ११६ .६९ |
| जापानी येन | १० को | ९ .३० | ९ .३४ |
| चिनियाँ युआन | १ को | २१ .६८ | २१ .७७ |
| साउदी अरब रियाल | १ को | ३९ .४६ | ३९ .६२ |
| कतारी रियाल | १ को | ४० .६१ | ४० .७८ |
| थाई भाट | ख १ को | ४ .६१ | ४ .६३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४० .३१ | ४० .४७ |
| मलेसियन रिङेट | १ को | ३७ .३४ | ३७ .५० |
| दक्षिण कोरियन वन | १०० को | ९ .९८ | १० .०२ |
| स्विडिस क्रोनर | १ को | १५ .९९ | १६ .०५ |
| डेनिस क्रोनर | १ को | २३ .२१ | २३ .३० |
| हङकङ डलर | १ को | १८ .९० | १८ .९८ |
| कुवेती दिनार | १ को | ४८३ .१० | ४८५ .०६ |
| बहराइन दिनार | १ को | ३९२ .६५ | ३९४ .२५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**खुला मौसममा काठमाडौं** | शुक्रबार मौसम खुलेसँगै काठमाडौंको तारकेश्वर नगरपालिका–१० मनमैजु क्षेत्रबाट ड्रोन क्यामरामा कैद गरिएको काठमाडौं उपत्यकाको घनाबस्ती ।

*तस्बिरः रासस*

नवौं हिन्द महासागर सम्मेलनमा परराष्ट्रमन्त्रीको सम्बोधन

# सहकार्यसँगै सामूहिक जिम्मेवारीमा जोड

**काठमाडौं–** परराष्ट्रमन्त्री शिशिर खनालले जलवायु परिवर्तन, समुद्री सुरक्षा चुनौती, आपूर्ति शृंखलामा अवरोध र बढ्दो असमानताले सहकार्यमात्र नभई सामूहिक जिम्मेवारीको माग गरिरहेको बताएका छन् । मौरिससको पोर्ट लुइसमा शनिबारदेखि सुरु भएको नवौं हिन्द महासागर सम्मेलनमा सम्बोधन गर्दै उनले मध्यपूर्वमा भइरहेका द्वन्द्वबाट नेपालसहित सिंगो विश्व नै प्रभावित भएको उल्लेख गरे । परराष्ट्रमन्त्री खनालले मध्यपूर्वमा भइरहेको द्वन्द्वका क्रममा नेपालले एक जनाको ज्यान गुमाइसकेको र अन्य केही घाइते भएको उल्लेख गरे ।

'मध्यपूर्वमा भइरहेका घटना र त्यसबाट उत्पन्न समस्या नेपालका लागि टाढाका घटनाहरू होइनन् । लाखौं नेपाली नागरिक त्यहाँ बसोबास तथा रोजगारीमा छन्, उनीहरूको सुरक्षा हाम्रो प्रमुख प्राथमिकताको विषय हो,' उनले भने ।

मन्त्री खनालले द्वन्द्वका असर क्षेत्रीय सीमाभन्दा बाहिर फैलिएका र त्यसले इन्धन मूल्य, आपूर्ति शृंखला र जीविकोपार्जनमासमेत प्रभाव पारेकाले हिन्द महासागरको स्थिरता विश्व शान्तिसँग जोडिएको धारणा राखे । 'हिन्द महासागर शासनका लागि सामूहिक संरक्षकत्व' विषयक सम्मेलनमा उनले नेपालका लागि, सामूहिक संरक्षकत्वको सुरुआत एउटा सरल सत्यबाट हुने र हिमाल तथा महासागरको भविष्य एक-अर्कासँग अविच्छिन्न रूपमा जोडिएको उल्लेख गरे ।



'नेपाल सरकारको दृष्टिमा संरक्षकत्व भनेको संकीर्ण स्वार्थभन्दा माथि उठेर साझा उत्तरदायित्व बहन गर्नु हो । यसका लागि समावेशी, पारदर्शी र नियममा आधारित बहुपक्षीय प्रणाली आवश्यक छ, जसले अन्तर्राष्ट्रिय कानुन, सार्वभौमिक समानता, पारस्परिक सम्मान र शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तलाई मार्गदर्शन गर्छ,' मन्त्री खनालले भने ।

उनले नेपाल संवादको साझेदार, भूपरिवेष्ठित राष्ट्रहरूको आवाज र पहाड तथा महासागरबीचको सेतु बन्न तयार रहेको बताए । नेपाल भूपरिवेष्ठित मुलुक भए पनि हिन्द महासागरसँग यसको सम्बन्ध प्राचीन, स्वाभाविक र अविभाज्य रहेको उल्लेख गर्दै मन्त्री खनालले इतिहासमा नेपाली व्यापारी, तीर्थयात्री र विद्वानहरूले हिमालदेखि महासागरसम्म जोड्ने मार्गहरू प्रयोग गरेको बताए ।

'यी मार्गहरूले व्यापारमात्र होइन, विचार र दर्शन पनि प्रवाह गरेका छन् । विशेषगरी, लुम्बिनी (नेपाल) मा जन्मनुभएका गौतम बुद्धका शिक्षाहरू यिनै मार्गबाट फैलिएका हुन् । आज यही विचार आधुनिक विज्ञान र भू-राजनीतिमा पनि थप आवश्यक छ,' उनले भने ।

मन्त्री खनालले हिन्दुकुश हिमालय क्षेत्र विश्वका अर्बौं मानिसका लागि पानीको मुख्य स्रोत भएको उल्लेख गर्दै यहाँका हिमनदीहरू अन्ततः हिन्द महासागरमा मिसिने भएकाले तिनको भविष्यबारे पनि सोच्नुपर्नेमा जोड दिए । 'जलवायु परिवर्तनले यस अन्तरसम्बन्धलाई अझ स्पष्ट र चिन्ताजनक बनाएको छ । नेपालमा हिमनदीहरू तीव्र रूपमा पग्लिरहेका छन्, जसले हिमताल विष्फोटको जोखिम बढाएको छ,' उनले भने, 'अर्कोतर्फ, हिन्द महासागर तीव्ररूपमा तातिरहेको छ, जसले समुद्री सतह बढाएर टापु राष्ट्रहरूलाई खतरा पुऱ्याइरहेको छ । नेपालले संयुक्त राष्ट्रसंघ र कोप सम्मेलनहरूमा यस विषयमा आवाज उठाउँदै आएको छ । यसै सिलसिलमा 'सगरमाथा संवाद' नामक अन्तर्राष्ट्रिय मञ्च स्थापना गरेको छ ।'

नेपाल संयुक्त राष्ट्रसंघीय समुद्री कानुनको हस्ताक्षरकर्ता राष्ट्र रहेको र यसप्रति प्रतिबद्ध भएको उल्लेख गर्दै मन्त्री खनालले भूपरिवेष्ठित राष्ट्रहरूलाई समुद्रमा पहुँच र समुद्री अर्थतन्त्रमा सहभागिताको अधिकार हुने बताए । यो विशेष सुविधा नभई कानुनी अधिकार भएको पनि उनको भनाइ थियो । *रासस*

# लेखक श्रेष्ठको योगदानमाथि चर्चा



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली लोकबाजा संग्रहालयले स्वर्गीय पत्रकार तथा लेखक पदम श्रेष्ठको स्मृतिमा श्रद्धा-सुमन कार्यक्रम सम्पन्न गरेको छ । श्रेष्ठको ४५औं पुण्यतिथिको अवसर पारेर शुक्रबार टेकुस्थित संग्रहालय परिसरमा उक्त कार्यक्रम सम्पन्न गरिएको हो ।

कार्यक्रममा संग्रहालयका संस्थापक एवं कार्यक्रमका सभापति रामप्रसाद कँडेलले स्वर्गीय पत्रकार श्रेष्ठको तस्बिरमा माल्यार्पण गरी उनीप्रति श्रद्धाञ्जलि अर्पण गरेका थिए । उनले पत्रकारिता र लेखनमार्फत श्रेष्ठले पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको बताए । पत्रकार श्रेष्ठको संस्कृति, इतिहास, सम्पदालगायतप्रतिको लगाव र समर्पणबारे चर्चा गर्दै कँडेलले उनको योगदानलाई जीवन्त राख्नुपर्नेमा जोड दिए ।

कार्यक्रमका संयोजक शम्भु श्रेष्ठले कार्यक्रमको औचित्य र आगामी योजनाबारे जानकारी गराएका थिए । उनले पत्रकार एवं लेखक श्रेष्ठको योगदानलाई दस्तावेजीकरण गरी राख्नका लागि स्मृति ग्रन्थ प्रकाशन गर्ने योजना रहेको बताए । यसका लागि सबैसँग सहकार्य गरेर अगाडि बढ्ने उनले बताए ।

लेखक तथा अनुसन्धाता रविन्द्र तामाङले सञ्चालन गरेको उक्त कार्यक्रममा सहभागी विभिन्न संघसंस्थाका प्रतिनिधि, पत्रकार, लेखक, कलाकार, समाजसेवीलगायतले स्वर्गीय पत्रकार श्रेष्ठको व्यक्तित्व र योगदानमाथि चर्चा गरेका थिए । श्रेष्ठको गत फागुन १४ गते फर्पिङस्थित निवासमा 'ब्रेन हेमरेज'का कारण निधन भएको थियो । श्रेष्ठको ५७ वर्षको अल्पायुमै निधन हुँदा समाजले ठूलो क्षति व्यहोर्नुपरेको कार्यक्रमका वक्ताहरूले बताएका थिए ।

लामो समयदेखि लेखन तथा अनुसन्धानमा क्रियाशील लेखक श्रेष्ठ विशेषगरी सम्पदा, संस्कृति, इतिहासलगायत विषयमा विभिन्न पत्रपत्रिकामा अनुसन्धानमूलक लेख लेख्दै आएका थिए । नेवार, नेपाल मण्डल सम्पदा, नेपाल जात्रा संस्कृति, नेपालका धर्महरू, जातजाति र संघीयतालगायत कृति प्रकाशित गरिसकेका लेखक श्रेष्ठको पछिल्लो कृति योगदानी व्यक्तित्वहरू हो । उनी पत्रकारिताहुँदै लेखन क्षेत्रमा प्रवेश गरेका हुन् । काठमाडौंको लाजिम्पाट स्थायी घर भएका उनी पछिल्लो समय भने फर्पिङमा बस्दै आएका थिए ।


## नाफिन बचत तथा ऋण सहकारी संस्था लि.

**काठमाडौ महानगरपालिका वडा नं. २५, न्हयैकन्तला, असन**

**कर्जा चुक्ता गर्न आउने बारेको १५ दिने अत्यन्त जरुरी सूचना**

*प्रकाशित मिति २०८२/१२/२९ गते*

यस संस्थाबाट कर्जा लिनु हुने तपसिल बमोजिमका ऋणीले संस्थाबाट लिएको कर्जाको साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर रकम धनी संस्थासँग गरेको शर्त बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीलाई पटक-पटक लिखित तथा मौखिक पत्राचार गरी तरताकेता गर्दा समेत साँबा, व्याजको रकम भुक्तानी वा नियमित गर्न नआएकाले हालसम्म पनि यस सस्थामा सम्पर्क नगरी संस्थामा बुझाउनु पर्ने रकम नबुझाई बसेको हुँदा यो **१५ (पन्ध्र) दिने** सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **१५ दिन**भित्र यस संस्थामा उपस्थित भई आफूले लगेको कर्जाको साँवा, व्याज, हर्जाना, दै दस्तुर समेत सम्पूर्ण रकम चुक्ता गरी कर्जा फरफारक गर्न गराउनु होला । तोकिएको समयभित्र पनि उल्लेखितअनुसार तिर्न बुझाउन बाँकी रहेको कर्जा रकम बुझाउन नआएमा कर्जाको सुरक्षणको लागि लेखी दिएको चलअचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ अनुसार तथा ऋणी सदस्य, सो सँग सम्बन्धित अन्य पक्ष र धनी संस्थाबिच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा ऋण कर्जाको साथी एवम् धन जमानी बस्ने व्यक्ति तथा सम्बन्धीत अन्य पक्षहरूलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरी आफ्नो लेना रकम असुल उपर गरीने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै कालो सूचीमा नाम समावेश गर्नका लागि लेखी पठाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणी सदस्यको विवरण | ठेगाना | फोटो | धितो रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|---|
| १. | **नाम : निरज थापा**<br>**बाबु** : कमल थापा<br>**बाजे** : गुप्त बहादुर थापा<br>**नागरिकता** : २८/०१/०६६/०४४१<br>**जारी मिति** : २०६६/०१/२४<br>जि.प्र.का.ललितपुर | ललितपुर जिल्ला टिकाथली वडा नं.९ |  | ललितपुर जिल्ला<br>लुभु गाविस वडा नं.८ 'ख'<br>कित्ता नं.८३८<br>क्षे.फ.०-४-२-० |

## नाफिन बचत तथा ऋण सहकारी संस्था लि.

**काठमाडौ महानगरपालिका वडा नं. २५, न्हयैकन्तला, असन**

**कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना**

*प्रकाशित मिति २०८२/१२/२९ गते*

यस संस्थाबाट कर्जा लिनु हुने तपसिल बमोजिमका ऋणीले संस्थाबाट लिएको कर्जाको साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर रकम धनी संस्था सँग गरेको शर्त बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीलाई पटक-पटक लिखित तथा मौखिक पत्राचार गरी तरताकेता गर्दा समेत साँबा, व्याजको रकम भुक्तानी वा नियमित गर्न नआएकाले हाल सम्म पनि यस सस्थामा सम्पर्क नगरी संस्थामा बुझाउनु पर्ने रकम नबुझाई बसेको हुँदा यो **३५ (पैतिस) दिने** सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ दिनभित्र** यस संस्थामा उपस्थित भई आफूले लगेको कर्जाको साँवा, व्याज, हर्जाना, दै दस्तुर समेत सम्पूर्ण रकम चुक्ता गरी कर्जा फरफारक गर्न गराउनु होला । तोकिएको समय भित्र पनि उल्लेखितअनुसार तिर्न बुझाउन बाँकी रहेको कर्जा रकम बुझाउन नआएमा कर्जाको सुरक्षपणको लागि लेखिदिएको चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ अनुसार तथा ऋणी सदस्य, सो सग सम्बन्धीत अन्य पक्ष र धनी संस्था विच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा ऋण कर्जाको साथी एवम् धन जमानी बस्ने व्यक्ति तथा सम्बन्धित अन्य पक्षहरूलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरी आफ्नो लेना रकम असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै कालो सुचीमा नाम समावेश गर्नका लागि लेखी पठाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणी सदस्यको विवरण | ठेगाना | फोटो | धितो रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|---|
| १. | **नाम : मोहन देवी महर्जन**<br>**पति** : पन्च नारायण महर्जन<br>**ससुरा** : तिर्थ नारायण महर्जन<br>**नागरिकता** : ५०१५<br>**जारी मिति** : २०४४/०७/११<br>जि.प्र.का.काठमाडौं | काठाडौं जिल्ला का.म.न.पा. वडा नं.२० |  | काठमाडौं जिल्ला<br>तिनथाना गा.वि.स.<br>वडा नं.९, कित्ता नं.१०९<br>क्षे.फ.०-२-०-० घर जग्गा |


# अस्पताल सेवा सुधार कार्यविधि जारी

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले 'अस्पताल सेवा सुधार कार्यविधि २०८२' जारी गरेको छ ।

अस्पतालको सेवालाई जनमैत्री, पहुँचयोग्य प्रभावकारी बनाउन कार्यविधि जारी गरिएको हो । मन्त्रालयका सहप्रवक्ता डा. समीर अधिकारीका अनुसार स्वास्थ्य मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन, २०७५ अनुरूप कार्यविधि जारी गरेको हो ।

कार्यविधिअनुसार अस्पतालले प्रत्येक नागरिकलाई गुणस्तरीय सेवा सहजरूपमा उपलब्ध गराउनुपर्ने छ । बिरामीको उपचार अभिलेख र 'फलोअप' व्यवस्थित गर्न एकीकृत विद्युतीय अभिलेख प्रणालीको विकास, प्रयोगशाला प्रतिवेदन २४ सै घण्टा उपलब्ध गराउने, अस्पतालको फार्मेसीमा पाइने औषधि मात्र चिकित्सकले सिफारिस गर्नुपर्ने छ ।

यसैगरी, बिरामीलाई 'रिफर' गर्नुपर्ने भएमा 'रिफर स्लिप'सहित सरकारी अस्पतालमा पठाउनुपर्ने, अस्पतालमा दैनिक आवश्यक पर्ने औषधि फार्मेसीमा मौज्दात हुनुपर्ने, कार्यालय समयभित्र र सेवा प्रवाहका बेला औषधि बिक्री प्रवर्द्धक (एमआर)लाई प्रवेश दिन पाइने छैन ।

# टोखामा बिस्केट जात्रा चार दिन मनाइने

**काठमाडौं–** ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्व बोकेको टोखामा बिस्का नखः (जात्रा) चार दिन मनाइने भएको छ । टोखा विस्केट जात्रा मूल व्यवस्थापन समितिले शनिबार पत्रकार सम्मेलन गरी नेवार समुदायको बाहुल्य रहेको टोखामा अगामी वैशाख १ गतेदेखि ४ गतेसम्म विस्केट जात्रा मनाउन लागिएको जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा समितिका सहसंयोजक गणेशमान श्रेष्ठले जात्रालाई व्यवस्थित र मर्यादित बनाउनका लागि शान्तिसुरक्षा, स्वयम्सेवक व्यवस्थापन, पार्किङ व्यवस्थापन, यातायात व्यवस्थापन, बाजागाजा व्यवस्थापन, रथजात्रा व्यवस्थापनका लागि विभिन्न उपसमिति गठन गरिएको जानकारी दिए । चैत मसान्तबाटै सुरु हुने बिस्का जात्रा मुख्यतः चार दिने मनाइने गरिन्छ । भक्तजन मसान्तको बिहान शिवपुरीस्थित बागद्वार स्नान गर्न जान्छन् । बागद्वारबाट सोही दिन राति चण्डेश्वरी हुँदै सपनतीर्थ मन्दिरमा आउने प्रचलन रहेको छ ।

सपनतीर्थ मन्दिर परिसरमा गौमुखी र बहुमुखी खोला थुनेर निर्माण गरिएको सिद्धपोखरीमा भक्तजनले नयाँ वर्ष सुरु हुँदै गर्दा वैशाख १ गते एकाबिहानै नुहाउने गर्दछन् । मसान्तको दिन साँझ सपनविनायकको रथ, चण्डेश्वरीको रथ र मसानकालीको रथ 'जाली द्यो'का रूपमा बाजागाजासहित जात्रा गरी इन्द्रायणी दाफा खलःले मूल नाइके बहाल गरी रथ आ-आफ्नो मन्दिरमा लैजान्छन् ।

नयाँ वर्षकै दिन साँझ ६ बजे आ-आफ्नो मन्दिरबाट गाउँमा रथ ल्याउने र गाउँ परिक्रमा गरी सपनविनायकको रथ यलागः टोलमा, चण्डेश्वरीको रथ थलागः टोलमा र मसानकालीको रथ भूतखेलमा बिसाइने गरिएको छ । वैशाख २ गते बिहान तीनवटै रथ गाउँ परिक्रमा गरेर मसानकालीको रथ भूतखेलको पाटीमा बिसाएपछि बली पूजा लिई कोठु गणेश र मसानकाली दुवै रथ एकैसाथ ल्याएर ११ बजे थलागः टोलमा लस्करै बिसाइन्छ ।

सोही दिन अपराह्न ३ बजे जीवित गणेश कुमारीको आगमन गराई तलेजुबाट सरकारी पूजा ल्याई सिन्दूरजात्रा गरी उठाइन्छ । सोही दिन साँझ गाउँ परिक्रमा गरी साँझ ७ बजे सबै रथ तपलाक्षीःमा बिसाइन्छ । सोही रात भक्तजन रथको अगाडि भजनकीर्तन गरी जाग्राम बस्ने चलन रहेको छ ।

आगामी वैशाख ३ गते बिहान ७ बजे तपलाक्षीःबाट सिन्दूरजात्रा गरी देवता उठाएर गाउँ परिक्रमा गर्न लैजाने गर्दछन् । सोही दिन बिहान ११ बजे हासल टोलमा सबै रथ बिसाइन्छ । सोही दिन अपराह्न ३ बजे तलेजु गुठीबाट जीवित गणेश कुमारीसहित पूजा ल्याएर सिन्दूरजात्रा गरी सरस्वती र महादेवको रथबाहेक अन्य रथ पोखरीमा चोख्याउनका लागि लगिन्छ । मसानकालीको मन्दिर र गाउँको परिक्रममा गरी कोनेलाक्षीःमा बिसाइन्छ । सोही रात पनि भक्तजन रथको अगाडि भजनकीर्तन गरी जाग्राम बस्ने चलन रहेको छ ।

जात्राको अन्तिम दिन वैशाख ४ गते बिहान ६:३० बजे सिन्दूरजात्रा गरी सारा बाजागाजासहित गाउँ परिक्रमा गर्न लगिन्छ र बिहान ११ बजेतिर गच्छे टोलमा बिसाइन्छ । सोही दिन अपराह्न ३ बजे तलेजु गुठीबाट जीवित गणेश कुमारीसहित पूजा ल्याएर सिन्दूरजात्रा गरी सबै रथ कपडा बिच्छ्याइ गाउँ परिक्रममा गरी आ-आफ्नो देवी घरघरमा भित्र्याइन्छ । त्यसबाट जात्रा समापन हुन्छ । वैशाख ५ गते बिहान ६:३० लिंगो ढाली जात्रा विर्सजन हुन्छ ।

सो अवसरमा टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले टोखाभित्रका ऐतिहासिक पर्वलाई नगरपालिकाले उच्च प्राथमिकता दिएको बताए । उनले टोखाको जात्रा व्यवस्थापनका लागि नगरपालिकाले वजेट विनियोजन गरेको उल्लेख गरे । टोखाले जात्राका अवसरमा एकदिन टोखा नगरपालिकाभर र दुई दिन जात्रा लाग्ने वडा नं २ र ३ मा बिदा दिने गरेको छ । *रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### स्वास्थ्य सेवामाथि खेलबाड नगर

सरकारले इन्धन खपत कम गर्ने र खर्च कटौती गर्ने तर्क अघि सार्दै सातामा दुई दिन सार्वजनिक बिदा दिने जुन निर्णय गरेको छ, त्यसले सार्वजनिक सेवा, विशेषगरी स्वास्थ्य क्षेत्रमा ठूलो अन्योल सिर्जना गरेको छ । कुनै ठोस गृहकार्य र व्यावहारिक पक्षको विश्लेषण नगरी ल्याइएको यो व्यवस्था विगतमा दुईपटक अभ्यास भएर असफल भइसकेको इतिहास छ । यस्तो असफल सावित भइसकेको प्रणालीलाई पुनः थोपर्न खोज्नु सरकारको अदूरदर्शितामात्र होइन, नागरिकको मौलिक हकका रूपमा रहेको स्वास्थ्य सेवामाथि खेलबाडसमेत हो ।

सातामा दुई दिन बिदा दिँदा सरकारी कार्यालयहरू त बन्द होलान्, तर अस्पतालजस्तो संवेदनशील क्षेत्र जहाँ बिरामीको चाप र आकस्मिकता सधैं रहन्छ, त्यहाँ यो नियम प्रत्युत्पादक देखिएको छ । आइतबार अस्पतालका बहिरंग (ओपिडी) सेवाहरू बन्द हुँदा दूरदराजबाट उपचारका लागि आएका र लामो समयदेखि पालो कुरेर बसेका सर्वसाधारण बिरामीहरू प्रत्यक्ष मारमा पर्ने छन् । स्वास्थ्य सेवाजस्तो अत्यावश्यक क्षेत्रलाई अन्य प्रशासनिक कार्यालयसरहकै सूचीमा राखेर बिदाको निर्णय गर्नु नै अव्यवहारिक कदम हो ।

यही अन्योलकाबीच स्वास्थ्य मन्त्रालयले अस्पतालहरूलाई आइतबार पनि ओपिडी सेवा सञ्चालन गर्न निर्देशन दिएको छ । तर, नेपाल चिकित्सक संघले पर्याप्त जनशक्ति र स्रोतसाधनको अभाव देखाउँदै उक्त निर्देशनलाई ठाडै अस्वीकार गरेको छ । चिकित्सकहरूले २४सै घण्टा सेवा दिइरहेको अवस्थामा थप कार्यभार थोपर्नु न्यायपूर्ण नहुने संघको तर्कलाई पूर्णतः इन्कार गर्न सकिन्न । यद्यपि, विभिन्न अस्पतालहरूले सेवा सञ्चालन गर्ने र नगर्ने विषयमा फरक–फरक सूचना जारी गर्दा बिरामीहरू कुन अस्पताल जाने र कुन नजाने भन्ने ठूलो अन्योलमा पर्ने देखिएको छ ।

यो अवस्थाले राज्यका निकाय र जिम्मेवार पेसागत संघबीचको समन्वयको अभावलाई उदांगो पारेको छ । स्वास्थ्य मन्त्रालय र चिकित्सक संघ एकअर्काविरुद्ध विज्ञप्ति र चेतावनीमा उत्रिनुभन्दा पनि संवादको माध्यमबाट समाधान खोज्न जुट्नु आवश्यक छ । मन्त्रालयले निर्देशनमात्र जारी गर्ने तर आवश्यक जनशक्ति र सुविधा थप नगर्ने, अनि संघले पनि बिरामीको संवेदनशीलतालाई बिर्सेर सेवा नै ठप्प पार्ने अडान लिनु दुवै पक्षको गैरजिम्मेवारीपन हो ।

सरकार र चिकित्सक संघको स्वार्थ र प्रतिष्ठाको लडाइँमा सर्वसाधारण नागरिकले सास्ती बेहोर्नु हुँदैन । बिरामीको उपचार पाउनुपर्ने अधिकारलाई कुण्ठित गर्ने कुनै पनि निर्णय वा हडताल स्वीकार्य हुन सक्दैन । तसर्थ, सरकारले अव्यवहारिक बिदाको निर्णयमा पुनर्विचार गर्नुपर्छ र चिकित्सक संघले पनि बिरामीको हितलाई केन्द्रमा राखेर व्यावहारिक विकल्पमा छलफल गर्नुपर्छ ।

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ। अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ।

**अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने**

कुनै प्रकारको प्रलोभन देखाइ, चिट्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

**मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने**

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

**आफ्नो व्यक्तिगत जानकारी र कागजातहरु सुरक्षित राख्ने**

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

**अब्शेर खाताको जानकारी सुरक्षित राख्ने**

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

# सुशासनका लागि सूचनाको हक कानुनको कार्यान्वयन



❑ उमिद बागचन्द

“सूचना आधुनिक लोकतान्त्रिक समाजको मेरुदण्ड हो । नागरिकले राज्यका गतिविधि, निर्णय र खर्चबारे जानकारी पाउने अधिकार नै सूचनाको हक हो । नेपालमा सूचनाको हकलाई संविधानमा मौलिक हकका रूपमा सुनिश्चित गर्नाका साथै अलग्गै कानुनमार्फत यसको कार्यान्वयनको कानुनी आधार तयार गरिएको छ । तर, कानुन बनेर मात्र यसको प्रभावकारी कार्यान्वयन स्वतः हुँदैन । यसलाई व्यवहारमा लागू गराउन विभिन्न पक्षको सक्रिय भूमिका आवश्यक पर्छ । यसमा सूचनाको हकका अभियानकर्ता र पत्रकारिता क्षेत्रको भूमिका अत्यन्त महत्त्वपूर्ण हुनसक्छ ।

नेपालको अधिराज्यको संविधान, २०४७ मा सूचनाको हकको व्यवस्था गरिएको थियो तर प्राथमिकतामा पर्न सकेन । संविधान कार्यान्वयनको १६ वर्ष बितिसक्दा पनि कतैबाट सूचनाको हकले स्थान पाएन । देशमा २०६२/६३ सालको जनआन्दोलनपछि जारी गरिएको अन्तरिम संविधानमा उल्लिखित प्रावधानअनुसार २०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन २०६४ आयो र राष्ट्रिय सूचना आयोगको गठन भयो । २०६५ सालमा सूचनाको हकसम्बन्धी नियमावली पनि बन्यो । यतिमात्र होइन, संविधानसभाबाट निर्मित नेपालको संविधान २०७२ को धारा, २७ मा सूचनाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरियो । यो कानुन खासगरी राज्यका कामकारबाहीलाई जवाफदेही र जिम्मेवार बनाउने तथा जनतालाई सुशासनको अनुभूति गराउने कानुन हो ।

देश भ्रष्टाचारले चुर्लुम्मै डुब्दा पनि यो सूचनाको हकसम्बन्धी कानुनको व्यावहारिकरूपमा कार्यान्वयनमा विगतदेखि नै राज्यको सक्रियता देखिएन । यो कानुनको व्यावहारिक प्रयोगले भ्रष्टाचार कम हुन्छ भन्ने कुरासम्म बुझ्न सरकार तयार हुन सकेन । यो कानुनअन्तर्गत बनेको राष्ट्रिय सूचना आयोग अन्य आयोगभन्दा शक्तिशाली भएकै कारण यो आयोगको भूमिका स्थायी सरकारमा रहेकाहरूले न्यून गर्दै आएको देखिन्छ । यो आयोगमा सुरुमा सचिवको दरबन्दी रहेकामा अहिले सहसचिवको दरबन्दी कायम गरिएको छ । सचेतनामूलक कार्यक्रमलाई व्यापकता दिनुपर्नेमा हरेक वर्ष बजेट घटाउँदै जाँदा यसको भूमिका सीमित बन्न थालेको अनुभव हुन थालेको छ ।

पछिल्लो समयमा राष्ट्रिय सूचना आयोग पनि अनुगमन गर्नेभन्दा पनि आफूलाई सरकारी कार्यालयमात्र सम्झिन थालेको टिप्पणी हुन थालेको छ । अहिले सूचनाको हकसम्बन्धी कानुनको उद्देश्यअनुसार सूचना दिलाउनेतर्फ भन्दा पनि सूचना मागकर्तालाई हतोत्साही बनाउनेतर्फ लागेको देखिन्छ । नेपालमा भ्रष्टाचार न्यूनीकरण गर्न सूचनाको हक राजनीतिक दलको एजेण्डा बन्नुपर्ने बन्न सकेन । विगतमा सूचना मागकर्ताको संख्या बढाउने र सूचना माग्ने कार्यलाई व्यावहारिक बनाउनेतर्फ आयोग र अभियानकर्ता केन्द्रित भएका थिए । यो कानुन आएको अहिले १८ वर्ष पार हुँदै गर्दा पनि आमनागरिकले सूचना माग्न खासै तत्परता देखाएको पाइँदैन । पहुँच नभएका जनताका लागि बढी महत्त्व हुने यो कानुन उनीहरूसम्म पुग्न अझै सकेको छैन । यसो हुनुको मुख्य कारण राज्यका संयन्त्रमा रहेका जिम्मेवार व्यक्तिहरूको बुझाइमा स्पष्ट नहुनु, थाहा हुँदाहुँदै पनि सूचना दिन नपरोस् भन्ने मानसिकता रहनु, सूचना मागकर्तालाई दुःख दिने, कानुनका रूपमामात्र बुझ्ने गरेका यो कानुनको कार्यान्वयनमा तीव्रता आउन सकेको छैन ।

मान्छेले जन्मिएदेखि मरेर अन्तिम संस्कार गदासम्म कर तिरेकै हुन्छ, आफूले तिरेको कर कहाँ र कसरी खर्च भइरहेको छ भन्ने जान्ने अधिकार प्रत्येक जनतालाई छ । यही कुरालाई सहज बुझाइका साथ अघि बढाउन आवश्यक छ । यसका साथै सरकारीस्तरमा अनुगमन र समन्वयका लागि बनेका सबै संयन्त्रको सक्रियता उत्तिकै आवश्यक छ । साँच्चै देशलाई भ्रष्टाचार मुक्त बनाउने हो भने राजनीतिक दल, दलका नेता, कार्यकर्तालाई सूचनाको हकको महत्त्व, आवश्यकता र यसको प्रयोगबाट हुने फाइदाबारे बुझाउन र बुझ्न जरुरी देखिन्छ । प्रधानमन्त्रीको कार्यालयमा मुख्यसचिवको संयोजकत्वमा रहेको वर्गीकरण समिति छ, सञ्चार मन्त्रालयमा सचिवको संयोजकत्वमा अनुगमन एकाइ छ, प्रदेश सरकारका प्रमुख सचिवको संयोजकत्वमा रहेको अनुगमन समिति र जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला अनुगमन समितिलाई सक्रिय बनाउनुपर्ने देखिन्छ ।

सूचनाको हकसम्बन्धी कानुन के हो भनेर बुझाउनुपर्ने अवस्था छ । राष्ट्रिय सूचना आयोगलाई अनुगमनमा जोड र सूचना माग्नेलाई सहजरूपमा दिलाउनेमा सक्रिय बनाउनुपर्ने देखिन्छ । स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म नागरिक स्तरबाट हुने सूचनाको हकसम्बन्धी अभियानहरूमा साझेदारी गर्नुपर्ने हुन्छ । अहिले आयोगबाट आफू पनि नगर्ने अरूलाई पनि गर्न नदिने जस्तो अवस्था देखिएको छ । विगतमा राष्ट्रिय सूचना आयोग र स्वयंसेवी संस्थाहरू, सूचनाको हकका लागि राष्ट्रिय महासंघसँग मिलेर काम गर्ने गरेको धेरै उदाहरण छन् । अहिले आफ्नै किसिमले स्रोत नहुँदा हुँदै पनि देशभर संगठन बनाएर महासंघ अघि बढिरहेको देखिन्छ । समुदायस्तरमा समुदाय जागरण अभियान र काठमाडौं उपत्यकाभित्र विद्यालय तथा कलेजस्तरीय जागरण अभियान सञ्चालन गरिरहेको छ भने सूचना माग्ने अभियानलाई पनि तीव्रता दिएको छ । स्रोत नभएका कारण जसरी गर्नुपर्ने हो, त्यसरी व्यापकता पाउन सकेको छैन । यसका लागि सरकारीस्तरबाट हातेमालो हुन आवश्यक छ ।

भ्रष्टाचार अन्त्यको अभियानमा सूचनाको हक महत्त्वपूर्ण औजार हुन सक्छ । राज्यका निकाय वा सार्वजनिक निकायको लगानीमा हुने योजनाहरूको बिल भर्पाई सार्वजनिक गर्नुपर्छ भन्ने सबैलाई बुझाउन जरुरी छ । गलत भएको छ भने कारबाहीमा परिन्छ भन्ने पनि वातावरण सिर्जना हुनुपर्छ । यस्तो भए स्वतः गलत काम रोकिन्छ । यो कुरा सरकार र नागरिक स्तरबाट बुझ्न र बुझाउन जरुरी छ ।

नागरिक स्तरबाट पनि बुझाउने गरिएको प्रयासलाई सहजरूपमा लिने गरिएको पाइँदैन । यसका केही चुनौतीहरूको समाधानका लागि केही उपायहरूको आवश्यकता छ । पहिलो, सरकार र सार्वजनिक निकायहरूले सूचनाको हकलाई गम्भीररूपमा लिई समयमै सूचना उपलब्ध गराउने संस्कारको विकास गर्नुपर्छ । दोस्रो, पत्रकारहरूको क्षमता अभिवृद्धि गर्न तालिम, स्रोत साधन र प्रविधिको पहुँच बढाउन आवश्यक छ । तेस्रो, पत्रकारहरूको सुरक्षा सुनिश्चित गर्न कडा कानुनी व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्छ ।

साथै, सञ्चारमाध्यमले पनि आफ्नो पेसागत आचारसंहिता पालना गर्दै निष्पक्ष र सत्यतथ्यमा आधारित समाचार प्रस्तुत गर्न सूचनाको हक प्रयोग गर्नुपर्छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयनविना लोकतन्त्र सुदृढ हुन सक्दैन । यसमा सूचनाको हकको भूमिका अत्यन्त महत्त्वपूर्ण र अपरिहार्य छ । नागरिकलाई सशक्त बनाउने, सरकारलाई जवाफदेही गराउने र समाजमा पारदर्शिता ल्याउने कामलाई सञ्चारमाध्यमले प्राथमिकता दिनुपर्ने हुन्छ । त्यसैले सूचनाको हकलाई व्यावहारिकरूपमा कार्यान्वयन गर्ने कार्यलाई सफल बनाउन राज्य, नागरिक समाज र पत्रकारिता क्षेत्रको समन्वयात्मक भूमिका आवश्यक छ । सुशासन, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दै समृद्ध र लोकतान्त्रिक समाज निर्माण गर्न सकिन्छ । यो कानुन जनताका पक्षमा रहेको महत्त्वपूर्ण कानुन हो । यो कानुन ल्याउन नेपाल पत्रकार महासंघको महत्त्वपूर्ण भूमिका थियो । सूचनाको हक र सञ्चारसँग सम्बन्धित कुनै पनि काम कारबाहीका लागि अहिले पनि पत्रकार महासंघलाई सरकारले समितिमै राखेर सुझाव दिने अवसर प्रदान गरेको छ । यतिमात्र होइन, राष्ट्रिय सूचना आयोगको गठनमा निर्णय गर्ने भूमिका दिइएको छ ।

सूचना आधुनिक लोकतान्त्रिक समाजको मेरुदण्ड हो । नागरिकले राज्यका गतिविधि, निर्णय र खर्चबारे जानकारी पाउने अधिकार नै सूचनाको हक हो । नेपालमा सूचनाको हकलाई संविधानमा मौलिक हकका रूपमा सुनिश्चित गर्नाका साथै अलग्गै कानुनमार्फत यसको कार्यान्वयनको कानुनी आधार तयार गरिएको छ । तर, कानुन बनेर मात्र यसको प्रभावकारी कार्यान्वयन स्वतः हुँदैन । यसलाई व्यवहारमा लागू गराउन विभिन्न पक्षको सक्रिय भूमिका आवश्यक पर्छ । यसमा सूचनाको हकका अभियानकर्ता र पत्रकारिता क्षेत्रको भूमिका अत्यन्त महत्त्वपूर्ण हुनसक्छ ।

भ्रष्टाचार अन्त्य र सुशासनको मुद्दा लिएर जेन-जी विद्रोहको आडमा भएको संघीय संसद्को निर्वाचनमा सुशासन कायम गर्ने र भ्रष्टाचारको अन्त्य गर्ने उद्घोषका साथ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले करिब दुईतिहाइको जनमत पाएको थियो । त्यही जनमतबाट गठित वर्तमान सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने पार्टीको उद्घोषलाई अझ परिणाममुखी बनाउन पनि सूचनाको हकसम्बन्धी ऐन २०६४ कानुनको व्यावहारिक कार्यान्वयनमा जोड दिनुपर्छ । यसका लागि सरकारी निकायलाई जवाफदेही र जिम्मेवार बनाउन कडा निर्देशन दिने र सूचना नदिनेलाई कारबाही गर्ने प्रावधान कडाइका साथ लागू गर्न सकेको अवस्थामा सरकारको प्रभावकारिता बढ्न जानेमात्र होइन, मुलुकमा सुशासन कायम भई नागरिकले लोकतन्त्रको अनुभूति गर्न पाउने छन् । *रासस*

# नेपालको तातोपानी पर्यटनः चीनबाट सिकेर नयाँ मोडेलमा किन नजाने ?



❑ ई. कृष्णभक्त दुवाल

नेपालका तातोपानी कुण्डहरु प्राकृतिकरुपमा अत्यन्त धनी भए पनि तिनको व्यावसायिक र पर्यटन उपयोग अझै सीमित छ । चीनजस्तो देशबाट सिकेर यदि हामीले योजनाबद्ध रुपमा तातोपानी स्रोतहरुको विकास गर्न सक्यौं भने यसले स्वास्थ्य पर्यटन, धार्मिक पर्यटन र मनोरञ्जन पर्यटन सबैलाई सँगै अघि बढाउन सक्छ । यसबाट एकातिर स्थानीयस्तरमा रोजगारी सिर्जना हुने छ भने अर्कोतर्फ देशको आर्थिक विकासमासमेत महत्त्वपूर्ण योगदान पुग्ने छ ।

सिन्धुपाल्चोक, रसुवा, म्याग्दी, जुम्लाहुँदै गोरखासम्म फैलिएका तातोपानी कुण्डहरू नेपालका अमूल्य प्राकृतिक सम्पदामध्ये पर्दछन् । यी तातोपानीहरू केवल स्नान वा मनोरञ्जनका लागिमात्र होइनन्, धार्मिक आस्था, स्वास्थ्यलाभ र पर्यटन विकासका दृष्टिलेसमेत अत्यन्त महत्त्वपूर्ण छन् । प्राकृतिकरूपमा निस्कने तातोपानीमा स्नान गर्दा विभिन्न छाला तथा स्नायुसम्बन्धी समस्यामा राहत मिल्ने विश्वास गरिन्छ, जसले यसलाई ‘प्राकृतिक उपचार केन्द्र’ को रूपमासमेत चिनाएको छ ।

नेपालमा रहेका यस्ता तातोपानी स्रोतहरूको सही व्यवस्थापन र प्रवर्द्धन गर्न सकियो भने आन्तरिक तथा बाहय पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्न सक्छ । अहिले पनि धेरै ठाउँमा स्थानीयस्तरमा सामान्य संरचना बनाएर प्रयोग भइरहेका छन्, तर समग्र रूपमा हेर्दा अझै व्यवस्थित, आकर्षक र अन्तर्राष्ट्रियस्तरको सेवा उपलब्ध गराउन सकिएको छैन ।

**चीनको अनुभवः सिक्नुपर्ने पाठ**

विद्यार्थी तथा व्यावसायिक भ्रमणका क्रममा चीनका विभिन्न स्थानमा रहेका प्राकृतिक तातोपानीहरूमा बनेका आधुनिक रिसोर्टहरू अवलोकन गर्ने अवसर मिलेको अनुभव निकै प्रेरणादायी छ । त्यहाँ तातोपानी स्रोतहरूलाई केवल खुला कुण्डको रूपमामात्र राखिएको छैन, बरु स्थानीय सरकार (हाम्रो गाउँपालिकाजस्तै) र निजी पर्यटन व्यवसायीहरूको सहकार्यमा आकर्षक रिसोर्टहरू निर्माण गरिएका छन् ।

ती रिसोर्टहरूमा तातोपानीका पोखरीहरू, विभिन्न तापक्रमका स्नान क्षेत्र, मनोरञ्जनका लागि वाटर किंगडम जस्ता संरचनाहरू विकास गरिएका हुन्छन् । पर्यटकहरूले एकै स्थानमा स्वास्थ्यलाभ, विश्राम र मनोरञ्जनको अनुभव लिन सक्छन् । यसबाट स्वदेशी तथा विदेशी पर्यटकबाट राम्रो आम्दानी हुने गरेको छ । साथै, स्थानीय बासिन्दाहरूका लागि रोजगारी सिर्जना हुनुका साथै स्थानीय सरकारलाई समेत राजस्व प्राप्त हुने गरेको छ ।

**नेपालका लागि सम्भावित विकास मोडेल**

नेपालमा पनि यस्तै मोडेल अपनाउन सकियो भने तातोपानी पर्यटनलाई नयाँ उचाइमा पुऱ्याउन सकिन्छ । यसका लागि निम्न पक्षहरूमा ध्यान दिन आवश्यक देखिन्छ । पूर्वाधार विकासः सुरक्षित स्नान कुण्ड, रिसोर्ट, होटल, चेन्जिङ रुम, स्वास्थ्य केन्द्र आदि निर्माण, सरसफाइ र व्यवस्थापनः पानीको गुणस्तर जाँच, सफा वातावरण, फोहोर व्यवस्थापन, सहज पहुँचः सडक, यातायात र संकेत प्रणाली सुधार, सार्वजनिक-निजी साझेदारीः स्थानीय सरकार र निजी क्षेत्रको संयुक्त लगानी, प्रचारप्रसारः राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ब्राण्डिङ र मार्केटिङलगायत गर्न आवश्यक छ ।

नेपालका तातोपानी कुण्डहरू प्राकृतिकरूपमा अत्यन्त धनी भए पनि तिनको व्यावसायिक र पर्यटन उपयोग अझै सीमित छ । चीनजस्तो देशबाट सिकेर यदि हामीले योजनाबद्ध रूपमा तातोपानी स्रोतहरूको विकास गर्न सक्यौं भने यसले स्वास्थ्य पर्यटन, धार्मिक पर्यटन र मनोरञ्जन पर्यटन सबैलाई सँगै अघि बढाउन सक्छ । यसबाट एकातिर स्थानीयस्तरमा रोजगारी सिर्जना हुने छ भने अर्कोतर्फ देशको आर्थिक विकासमासमेत महत्त्वपूर्ण योगदान पुग्ने छ । अब आवश्यकता छ- दृष्टिकोण परिवर्तन, योजना निर्माण र प्रभावकारी कार्यान्वयनको ।

# बेनीमा 'वडा पर्यटन परियोजना'



■ सन्तोष गौतम

**म्याग्दी–** बेनी नगरपालिकाले 'वडा पर्यटन परियोजना' सञ्चालन गरेको छ । पर्यटकीय पूर्वाधारमा मौलिकता र नवप्रवर्तनलाई जोड दिन नगरपालिकाका १० वटै समेटेर परियोजना सञ्चालन गरेको हो ।

नगरप्रमुख सुरत केसीले सबै वडामा परियोजना सञ्चालन गर्नका लागि योजना छनोट गरी नगरपालिका, प्रदेश, संघीय सरकार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीति लिएको बताए । 'म्याग्दी र कालीगण्डकी नदीको दोभानमा रहेको बेनीबजार मुस्ताङस्थित हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्धारका रूपमा परिचित छ,' उनले भने, 'मुस्ताङ जाने र आउने पर्यटक तथा तीर्थयात्रीलाई बेनीबजार र आसपासका क्षेत्रमा भुलाउने, बसाइ लम्ब्याउने उद्देश्यले पूर्वाधार निर्माण र प्रचारप्रसारमा जोड दिएका हौं ।'

बेनी-जोमसोम सडक भएर गत आर्थिक वर्षमा आठ लाख जना पर्यटक मुस्ताङ भ्रमणमा गएका थिए । संघीय पर्यटन मन्त्रालयसँग वडा नं ५ को पछैमा उद्यान निर्माण गरेर हिन्दू धर्मग्रन्थ रामायणका पात्र रावणको २१ फिट अग्लो, १० वटा टाउको भएको, ढलोट धातुले बनेको र पित्तलको जलप लगाएको मूर्ति स्थापना गरेको नगरपालिकाले चालु आर्थिक वर्षमा गलेश्वर बजार सौन्दर्यकरण परियोजनालाई निरन्तरता, लभ्ली हिल पर्यटन पूर्वाधार र बेनीमा शान्ति पार्क निर्माण योजना अघि बढाएको छ ।

नगरपालिकाले ३० लाख रूपैयाँ बजेट विनियोजन गरेको गलेश्वर बजार सौन्दर्यकरण योजनामार्फत गलेश्वर शिवालय क्षेत्र विकास कोषसँग साझेदारी गरेर ४८ लाख ७४ हजार रूपैयाँको लागतमा दुई ९५ मिटर दूरी सडकमा एक हजार ७१८.५ घनमिटर स्लेट ढुंगा बिछ्याउने र ३० मिटर लामो नाली निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

२५-२५ लाख रूपैयाँ बजेट विनियोजन भएको लभ्ली हिल पर्यटन प्रवर्द्धन र शान्ति पार्क निर्माण योजना कार्यान्वयनको चरणमा रहेको नगरपालिकाले जनाएको छ । नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि चालु आर्थिक वर्षमा एक करोड चार लाख रूपैयाँ बजेट विनियोजन भएको उपप्रमुख ज्योति लामिछानेले बताइन् ।

बेनीबजारको दायाँतर्फ रहेको कालीगण्डकी नदी किनारमा निर्माण भएको चक्रपथको वडा नं ८ को भूगोलभित्र सडकको डिलमा रेलिङ राखेर फुटपाथ बनाउने र सडक बत्ती जडान गर्ने काम अन्तिम चरणमा पुगेको छ । वडा नं ८ मा रहेको एक सय वर्ष पुरानो गणेश मन्दिरमा पित्तलको छानो राखेर पुनर्निर्माण भएको छ ।

## कुन वडामा कस्तो परियोजना ?

बेनी नगरपालिकाले पर्यटनसँग सम्बन्धित १० वटै वडाका योजनालाई छनोट गरी प्राथमिकीकरण गरेको छ । वडा नं १ रत्नेचौरको लामो झोलुंगे पुल, श्रीलक्ष्मीहरि मन्दिर र तोरीबारी हुँदै ज्यामरुककोट, बेलढुंगा जोड्ने पदमार्गलाई प्राथमिकतामा राखिएको छ ।

वडा नं २ मा रहेको लक्ष्मी हिलमा सार्वजनिक निजी साझेदारीअन्तर्गत 'लिफ्ट ब्रिज' बनाउन सम्भाव्यता अध्ययनका लागि निजी क्षेत्रसँग छलफल थालिएको नगरप्रमुख केसीले बताए । यस वडामा रहेको ज्यामरुककोटको पुनर्निर्माण, पदमार्ग र गौश्वारामा समुदायको अगुवाइमा ३८ फिट अग्लो गोवर्द्धनको मूर्ति स्थापना भएको छ । गौश्वारा पर्यटन पूर्वाधारका लागि नगरपालिकाले यस वर्ष १५ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ ।

वडा नं ३ मा रहेको भकिम्लीको बेलढुंगालाई दृश्यावलोकनस्थलका रूपमा विकास, धार्मिकस्थल स्वर्गाश्रममा पर्यटन पूर्वाधार तयार तथा बाघखोरमा उद्यान निर्माण भएको छ । प्राकृतिक उपचारस्थलका रूपमा परिचित सिंगा-तातोपानी कुण्ड अवस्थित वडा नं ४ मा कुण्डको संरक्षणका साथै जलाशय बनाउने योजना निर्माणका लागि संघीय ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालयमा प्रस्ताव गरिएको छ ।

वडा नं ५ मा रहेको पछै, जगन्नाथ, ढोलथान र केभहिल, वडा नं ६ मा रामशीला स्मारकस्थल र गुफा राममन्दिरलाई छनोट गरिएको छ । महारानीथान, लक्ष्मीनारायण, शिवालय, भगवती, मन्दिर रहेको बेनी नगरपालिका-७ र ८ को भूगोलमा पर्ने बराहपाखोमा 'राउण्ड बेनी, भ्यू बेनी' योजनाअनुसार पदमार्ग निर्माण योजनालाई निरन्तता दिएको छ ।

वडा नं ८ मा रहेको जलेश्वर गुफा पुनर्निर्माण गरी शालग्राम संग्राहलय स्थापना र कोट भण्डार क्षेत्रमा टक्सार पुरातात्विक सांस्कृतिक संग्रहालय स्थापनाका गर्ने योजना रहेको छ । कालीगण्डकी शुद्धताका लागि बेनीस्थित म्याग्दी र कालीगण्डकी नदीको दोभानमा शवदाहस्थल निर्माण भएको थियो ।

वडा नं ९ को गलेश्वरधामदेखि पुलाश्रम, घतानकोत, ढोल्ठान दरबार र जगन्नाथलाई समेटेर एकीकृत पर्यटन योजना कार्यान्वयनमा छ । वडा नं १० पाल्लेखेतको सिद्धाश्रम, घारसुन्ना, राधाकृति मन्दिर, वाखेत घरबास सञ्चालन र टोड्केको पर्यटन विकासका योजनालाई प्राथमिकता दिइएको छ ।

'समृद्ध पर्यटकीय बेनी नगर' भन्ने अवधारणाअनुसार बेनीलाई पर्यटकीय, धार्मिक र आध्यात्मिक पर्यटनको केन्द्र बनाउने प्रयास गरिएको नगरप्रमुख केसीले बताए । उनका अनुसार बेनीस्थित कालीगण्डकी र म्याग्दी नदीमा 'सिल्टेसन ड्याम' निर्माण गरी 'स्टिमर' सञ्चालनको सम्भाव्यता अध्ययनको चरणमा रहेको छ । *रासस*

# बाँकेमा दिगो वन व्यवस्थापन कार्यक्रम प्रभावकारी

**राँझा (बाँके)–** बाँकेका सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम प्रभावकारी बन्दै गएको छ । दिगो वन व्यवस्थापन कार्यक्रम लागू भएपछि लोपोन्मुख प्रजाति सतिसाल, साज, मौवालगायतका प्रजाति संरक्षण हुनुका साथै बहुमूल्य प्रजातिको रूपमा रहेका साल, खयर, अस्नालगायतका प्रजातिको संरक्षण भई वनको हैसियत सुध्रिदै गएको डिभिजन वन कार्यालय बाँकेका सिनियर डिभिजनल वन अधिकृत शंकरप्रसाद गुप्ताले बताए ।

उनका अनुसार, बाँकेमा हाल ११९ सामुदायिक वन रहेका छन्, जसले २६ हजार ११६ हेक्टर क्षेत्रफल ओगटेका छन् । तीमध्ये ३५ सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम लागू भएको छ भने दुईवटा सरकारी चक्ला वन रहेका छन् ।

पछिल्लोपटक राप्तीसोनारी गाउँपालिका-१, ३ र ४ मा दुई हजार ७०० हेक्टर क्षेत्रफलमा भुवरभवानी चक्ला वन व्यवस्थापन गरिएको छ । यसअघि जिल्लामा दुई हजार २६८ हेक्टर क्षेत्रफलमा शमशेरगञ्ज-माथेवास चक्ला वन सञ्चालनमा रहेको सिनियर डिभिजनल वन अधिकृत गुप्ताले बताए ।

दिगो वन व्यवस्थापन कार्यक्रम बाँकेमा ११ सामुदायिक वनबाट सुरु गरिएको थियो । तर अहिले वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रम सफल हुँदै गएपछि यो कार्यक्रम विस्तार हुँदै डिभिजन वन कार्यालय बाँकेका वरिष्ठ वन अधिकृत सुशील सुवेदीले जानकारी दिए ।

'वनमा 'वन सम्वर्द्धन प्रणाली' लागू भएपछि अहिले वनको हैसियत सुध्रिनुका साथै सामुदायिक वनमा आश्रित रहेका उपभोक्ताको आयआर्जनको बलियो स्रोत बन्न थालेको छ,' सुवेदीले भने, 'यो कार्यक्रम लागू भएसँगै समूहका उपभोक्तामा रोजगारीको सिर्जना भएको छ ।'

दिगो वन व्यवस्थापन कार्यक्रमको सवल पक्ष भनेको वनको पुनरउत्पादनसँगै काम गर्दा महिला पुरुषको समान ज्याला हो । सामुदायिक वनका उपभोक्ताहरूले वन व्यवस्थापनका लागि झाँडी सफाइ, बहुमूल्य प्रजातिको रूपमा रहेका साल, खयरको पुनरउत्पादन, प्रवर्द्धनका काम गर्दै आएका छन् । आम्दानी पनि हुने भएपछि उपभोक्ताले सक्रियता बढाएको डिभिजन वन कार्यालय बाँकेका सूचना अधिकारी वरिष्ठ वन अधिकृत टंक गुरुङले बताए ।

दिगो वन व्यवस्थापन लागु भएपछि रोजागरी सिर्जना भएको छ । यसले समूहको आयआर्जन तीनदेखि आठ गुणासम्म वृद्धि भएको छ । हाल कोहलपुर क्षेत्रमा रहेका सामुदायिक वन क्षेत्रमा हुँडार, चौका, गिद्धजस्ता प्रजातिको उपयुक्त बासस्थान बन्न थालेको उनको भनाइ छ । *रासस*



**आइपुग्यो पाठ्यपुस्तक** | रामेछापको मन्थलीमा रहेको स्टेसनरीमा नयाँ शैक्षिक सत्रका लागि आएको पाठ्यपुस्तक । रामेछापमा शैक्षिक सत्र २०८३ का लागि शैक्षिक सत्र सुरु नहुँदै पाठ्यपुस्तक आइसकेको छ । *तस्बिरः रासस*

# लालझाँडीका २२३ जनामा 'सिकलसेल एनिमिया'

**दोधारा चाँदनी (कञ्चनपुर)–** कञ्चनपुरको लालझाँडी गाउँपालिकाका २२३ जनामा 'सिकलसेल एनिमिया-थालसेमिया' पहिचान भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयले सिकलसेल एनिमिया-थालसेमिया पहिचान तथा निदानका लागि यहाँको लालझाडी गाउँपालिकामा निःशुल्क 'स्क्रिनिङ' स्वास्थ्य शिविर सञ्चालन गरेको थियो । एक सातासम्म सञ्चालन भएको उक्त शिविरमा दुई हजार ६४७ जनाको रगत परीक्षण गरिएको स्वास्थ्य कार्यालयका 'फोकल पर्सन' सिद्धराज भट्टले जानकारी दिए ।

उनका अनुसार एक हजार ७५७ महिला र ८९० पुरुषको रगत परीक्षण गरिएकामा १४८ महिला र ७५ पुरुष गरी २२३ जनामा ट्रेट (वाहक) देखिएको छ । 'पोजेटिभ देखिएकाहरूको थप पुष्टि परीक्षण (कन्फरमेसन) का लागि प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला पठाएका छौं,' उनले भने, 'त्यसको रिपोर्ट आउन केही समय लाग्छ ।'

नेपालका थारू चौधरी समुदायमा यो रोग एउटा प्रमुख जनस्वास्थ्य समस्याका रूपमा रहेको र समयमै यसको रोकथामका उपायहरू अवलम्बन गर्न नसकिए अवस्था झन् भयावह हुनसक्ने भएकाले कञ्चनपुरका थारू चौधरीहरू समुदायको बसोबास उच्च रहेका पालिकामा यो रोगको पहिचान तथा निदानका लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको भट्टले बताए ।

'सिकलसेल एनिमिया र थालेस्मिया व्यक्तिको जिनसम्बन्धी खराबीका कारणले हुन्छ रोगसँग सम्बन्धित सानो खराबी भएको अवस्थालाई ट्रेट भनिन्छ,' उनले भने, 'केटा मान्छेमा ट्रेट छ र उसको विवाह ट्रेट भएको केटी मान्छेसँग भयो भने त्यसबाट जन्मने २५ प्रतिशत बच्चाहरूमा सिकलसेल रोग भएर जन्मने गर्छन् ।' ट्रेट भएको व्यक्तिलाई शारीरिकरूपमा खासै समस्या नदेखिने र समस्या देखिए पनि सामान्य खालको हुने उनले बताए ।

उनका अनुसार सिकलसेल एनिमिया र थालासेमिया वंशाणुगत (आनुवंशिक) रगतसम्बन्धी रोग हुन् । वाहक (ट्रेट) देखापरेका व्यक्तिहरूको रगतको अन्तिम चेकजाँच गरी सिकलसेल एनिमिया भए/नभएको पुष्टि गरिन्छ । हेमोग्लोबिनसँग सम्बन्धित खराबीको कारणले हुने समस्याहरू विश्वमा पाँच प्रतिशतभन्दा बढी भएको तथ्यांक छ । तीमध्ये सबैभन्दा बढी देखापरेको समस्या सिकलसेल एनिमिया र थालेसिमिया हो । नेपालमा पनि खास गरी थारू चौधरी समुदायमा यो रोगको प्रकोप उच्च रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । अनुसन्धानमा पश्चिम नेपालका अविवाहित थारू समुदायका महिलाहरूको डिएनए परीक्षण गर्दा १८ प्रतिशत व्यक्तिहरूमा सिकलसेल हेटरोजाइगस ट्रेट रहेको पाइएको थियो ।

सिकलसेल रोग भएमा थकाइ लाग्ने, श्वास फेर्न गाह्रो हुने, छाती, पेट, हातखुट्टाको कुर्कुच्चा दुख्ने, आँखामा समस्या देखापर्ने, ज्वरो आउने, बान्ता हुने, खोकी लाग्ने लक्षण देखापर्ने गर्दछन् । *रासस*

# करोडौंका 'होल्डिङ सेन्टर' प्रयोगविहीन




**दोधारा चाँदनी (कञ्चनपुर)–** कोरोना महामारीको समयमा करोडौं रूपैयाँ खर्चेर निर्माण गरिएका 'होल्डिङ सेन्टर' अहिले प्रयोगविहीन बनेका छन् ।

तत्कालीन आवश्यकताअनुसार भारतबाट फर्किने नागरिकलाई व्यवस्थापन गर्न बनेका संरचना प्रयोगमा नआउँदा जीर्ण बन्दै गएका हुन् । त्यतिबेला सरकारले कञ्चनपुरको भीमदत्त नगरपालिका-१८ सालघारी क्षेत्रमा २९ करोड २५ लाख रूपैयाँमा एक हजार बेड क्षमताका २० वटा ठूला बेडसहितका संरचना, ५० बेड क्षमताका दुई संरचना स्वास्थ्यकर्मीका लागि र २२ वटा शौचालय र १५ भान्सालगायतका संरचना निर्माण गरेको थियो । उक्त संरचना प्रयोगमा नआउँदा जीर्ण बन्दै गएका छन् ।

सरकारले करोडौं खर्च गरेर निमार्ण गरेका संरचना जीर्ण बन्दै गएकाले यथाशीघ्र प्रयोगमा ल्याउनुपर्ने स्थानीयको माग छ । 'अहिले लागुऔषध दूर्व्यसनीको अवस्था भयावह छ त्यसलाई सुधार केन्द्रका रूपमा सञ्चालन गर्न सकिन्छ ।' यहाँका स्थानीय रमेश जोशीले भने, 'राज्यको ठूलो रकम खर्च भएको छ कुनै न कुनै रूपमा प्रयोगमा आउनुपर्छ ।' नजिकै रहेको महाकाली प्रादेशिक अस्पताल छ । अस्पतालमा उपचार गराउन आउने क्षयरोग र टिबीका बिरामीका लागि बस्ने व्यवस्था नभएकाले क्षयरोग उपचार केन्द्रका रूपमा सञ्चालन गर्नुपर्ने गणेश बमले जानकारी दिए । 'यहाँ क्षयरोग, टिबीका बिरामीले बस्ने व्यवस्था छैन यसको केही भागलाई क्षयरोग र टिबीका बिरामीका लागि प्रयोग गर्दा उपयुक्त हुन्छ,' उनले भने । स्थानीय प्रशासनले लामो समयदेखि प्रयोगविहीन बनेका 'होल्डिङ सेन्टर' सञ्चालनमा ल्याउन वैकल्पिक उपायको खोजी सुरु गरेको छ ।

प्रयोगविहीन 'होल्डिङ सेन्टर' प्रयोगमा ल्याउनका लागि विभिन्न विकल्पमा छलफल भइरहेको कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी मदन कोइरालाले जानकारी दिए । 'यसअघि पनि 'होल्डिङ सेन्टर' प्रयोगमा ल्याउन विभिन्न विकल्पमा मन्त्रालयमा पत्राचार भएको रहेछ,' प्रजिअ कोइरालाले भने, 'उक्त संरचनालाई प्रयोगमा ल्याउन छलफल भइरहेको छ ।' उनले अध्ययन गरेर केही दिनमै टुंगोमा पुग्ने बताए ।

यसअघि कञ्चनपुरका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बनेको अध्ययन उपसमितिले 'होल्डिङ सेन्टर' प्रयोगमा ल्याउन चार विकल्प प्रस्ताव गरेको थियो । सो अध्ययन समितिले एक हजार क्षमताको संरचनाको २५/३० प्रतिशत विपद्को प्रयोगका लागि र बाँकी लागूऔषध दुर्व्यसनीमा फसेकाका लागि पुनःस्थापना केन्द्र, क्षयरोग उपचार केन्द्र, विशेष सुरक्षा प्रहरीलाई पनि राख्न सकिने प्रस्ताव मन्त्रालयमा पठाएको थियो ।

संघीय सरकारले सेना मातहत कञ्चनपुरको भीमदत्त नगरपालिका-१८ सालघारीमा एक हजार वेड क्षमताको होल्डिङ सेन्टर निर्माण गरेको हो । २९ करोड २५ लाख रूपैयाँको ठेक्का सम्झौतामा हनुमान कन्सट्रक्सनले होल्डिङ सेन्टर निर्माण गरेको हो । *रासस*

प्रभाव दैनिक

रूपशाला

## सरकार बोलको गीत सार्वजनिक

नयाँ सरकार बनेसँगै सरकार बोलको गीत सार्वजनिक भएको छ । शुक्रबार युट्युबमा सार्वजनिक भएको गीतमा जेन्जी विद्रोहबाट बनेको सरकारले जनताको अपेक्षा पूरा गर्नुपर्ने विषय उठाइएको छ । शिवराज गौतम, मुना निरौला, आगा लामा र एलिजा बर्देवाको स्वर रहेको गीत सञ्चारकर्मी केशवराज जोशीले लेखेका हुन् । संगीत र भिडियो निर्देशन गायक शिवले नै गरेका छन् । भिडियोमा रिजोन सुन्दास, मुना निरौला, कवीन्द्र त्रिपाठी लगायतको अभिनय समेटिएको छ ।



आइतबार, २९ चैत २०८२ (Sunday, 12 April 2026)

# 'कुम्भ' को पहिलो गीत सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक रन्धिर श्रेष्ठको लेखन तथा निर्देशनमा बनेको चलचित्र 'कुम्भ'को पहिलो गीत सार्वजनिक गरिएको छ । आगामी जेठ १५ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको यस चलचित्रको रोमान्टिक नम्बर सार्वजनिक गरिएको हो ।

सार्वजनिक गीतमा नवनायक अशोक आर्यन र नव नायिका सृष्टि खड्कालाई रोमान्टिक अवतारमा प्रस्तुत गरिएको छ । राजधानी काठमाडौंमा आयोजित एक कार्यक्रममार्फत गीत सार्वजनिक गरिएको हो । गीतमा अन्जु पन्त र अनुप तिवारीको स्वर रहेको छ भने शब्द रचना रन्धिर श्रेष्ठकै रहेको छ । गीतमा संगीत अनुप तिवारीको रहेको छ ।

गीत सार्वजनिक कार्यक्रममा चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली विशेष अतिथिको रूपमा उपस्थित थिए । उनले गीत रमणीय लोकेसनमा छायांकन गरिएको र निर्देशक रन्धिर श्रेष्ठ कुशल प्राविधिक भएकाले चलचित्र उत्कृष्ट बनेको तथा दर्शकलाई मन पर्ने विश्वास व्यक्त गरे । निर्देशक रणधीर श्रेष्ठले चलचित्र टेक्निकलरूपमा राम्रो बनेको र एक्सनमा केहि नयाँ प्रयोग गरिएको बताए । साउथ इन्डियन फिल्म 'कान्तारा' मा काम गरेका द्वन्द कलाकारहरूलाई काम गरेको उनले बताए । नव नायक अशोक आर्यनले आफ्नो पहिलो फिल्म भए पनि आफुले सक्दो मेहनत गरेको बताए ।

लामो समयदेखि म्युजिक भिडियो निर्देशन तथा चलचित्र छायांकनमा सक्रिय श्रेष्ठले यस चलचित्रमार्फत एक्सन-लभ स्टोरी प्रस्तुत गरेका छन् ।

ए रस प्रोडक्सनको ब्यानरमा निर्माण भएको 'कुम्भ' नेपाली र हिन्दी दुवै भाषामा प्रदर्शन गरिने जनाइएको छ । चलचित्रमा दक्षिण भारतीय कलाकार सुरेन्द्र ठाकुरको समेत अभिनय रहेको छ ।

एक्सन विधामा निर्माण गरिएको यस चलचित्रमा नवनायक अशोक आर्यन, वरिष्ठ कलाकार सुनिल थापा र सुशील पोखरेलका साथै रोहित रुम्बा, अफ्सना थापा र सृष्टि खड्काको मुख्य भूमिका रहेको छ । चलचित्रको छायांकन नेपाल र दक्षिण भारतका विभिन्न स्थानमा गरिएको हो, जहाँ दक्षिण भारतीय कलाकारहरूको पनि अभिनय रहेको छ ।

चलचित्रको छायांकन तथा सम्पादन स्वयं निर्देशक श्रेष्ठले गरेका हुन् । द्वन्द्व निर्देशन संजय थापाले गरेका छन् भने निर्माणमा रन्धिर श्रेष्ठ र राजेश साह संलग्न छन् । चलचित्रका कार्यकारी निर्माता ईश्वर बल्लभ उप्रेती हुन् ।

# अग्रज कलाकार मुल्मीको 'प्रतिविम्ब' कला प्रदर्शनी

■ प्रभाव संवाददाता

**काठमाडौं–** विगत ६५ वर्षदेखि कला साधनामा सक्रिय अग्रज कलाकार तथा प्राध्यापक राधेश्याम मुल्मीको तेस्रो एकल कला प्रदर्शनी काठमाडौंमा सुरु भएको छ ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा नेपाल व्यावसायिक कलाकार सङ्घ (क्यान)को आयोजनामा नक्सालमा 'प्रतिविम्ब' शीर्षकमा शनिबारदेखि प्रदर्शनी सुरु भएको हो ।

वृत्तचित्रमा ७७ वर्षीय मुल्मीका विगतदेखि वर्तमानसम्मका कलायात्रा समावेश छन् । कलाकार मुल्मीले ती चित्रमा जीवन, जगत् र प्रकृतिलाई रङका माध्यामबाट प्रस्तुत गरेका छन् ।

उद्घाटन समारोहमा अग्रज कलाकार शशीविक्रम शाहले कलाकार मुल्मीका चित्रहरू आफैं बोलिरहेकाले कुनै विवेचना गरिरहनुनपर्ने बताए । प्रज्ञा प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले कलाकार मुल्मीका चित्रमा समाजको विश्वलाई प्रतिविम्बित गरिएको भन्दै प्रशंसा गरे ।

वृत्तचित्र निर्माता जीवननाथ धमलाले मुल्मीलाई विज्ञान र कलालाई संयोजन गर्ने कलाकारका रूपमा आफूले चिनेको बताए । उनले भने, 'उहाँको कलामा जीवन र कलालाई एकअर्काको पूरकका रूपमा प्रतिविम्बित गरेको प्रतीत हुन्छ ।'

कलाकार मुल्मीले आफ्नो कला यात्रा धेरै उतारचढाव पार गरेर यहाँ आइपुगेको बताए । आयोजक कलाकार संघका अध्यक्ष प्रेमलाल श्रेष्ठले कलाकार मुल्मीका कलामा नेपाली परिवेश, दैनिक जीवनका साथै सांस्कृतिक एवं आध्यात्मिक पक्ष अभिव्यक्त भएको देख्न पाइने बताए । तीन दिनसम्म सञ्चालन हुने प्रदर्शनीमा २५ वटा चित्र समावेश छन् ।

# शम्भुजितलाई विन्ध्यवासिनी लाइफ टाइम अचिभमेन्ट अवार्ड

## अर्जुन सापकोटा र ज्योति मगर उत्कृष्ट गायक गायिका



■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ संगीतकार शम्भुजित बास्कोटालाई १ लाख रूपैयाँसहित विन्ध्यवासिनी लाइफ टाइम अचिभमेन्ट अवार्ड २०८२ प्रदान गरिएको छ । राजधानीमा शुक्रबार आयोजित १६औं संस्करणको विन्ध्यवासिनी म्युजिक अवार्डमा बास्कोटालाई उक्त सम्मानद्वारा सम्मानित गरिएको हो ।

कार्यक्रममा गीतकार विजय शिवाकोटीलाई ५० हजार रूपैयाँसहित विन्ध्यवासिनी संगीत साधना सम्मान, गायिका रचना रिमाललाई २५ हजार रूपैयाँसहित प्रेमध्वज संगीत रत्न सम्मान, लोकगायक पशुपति शर्मालाई झलकमान लोक संगीत सम्मान तथा पत्रकार पवन आचार्यलाई विन्ध्यवासिनी कला पत्रकारिता सम्मान प्रदान गरिएको छ ।

विन्ध्यवासिनी फाउन्डेसनद्वारा जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित कार्यक्रममा १२ विधामा अवार्ड बाँडिएको थियो । अवार्डतर्फ परेली गीतबाट शिव परियार सर्वोत्कृष्ट गायक घोषित भए भने के हेरेको टुलुटुलुबाट समीक्षा अधिकारी सर्वोत्कृष्ट गायिका बनिन् । मिर्मिरेमा बासेको भालेबाट शिव हमाल उत्कृष्ट संगीतकार र परदेशी हुनै मन छैनबाट भूपेन्द्र बुढाथोकी उत्कृष्ट गीतकार घोषित भए ।

लोकदोहोरी विधामा झलिकोबाट अर्जुन सापकोटा उत्कृष्ट गायक तथा झ्याप्पै आए बाहुन दाईबाट ज्योति मगर उत्कृष्ट गायिका बने । म्युजिक भिडियोतर्फ कता हिँड्यो साइलाबाट प्रभातपल ठकुरी र गीता ढुङ्गाना उत्कृष्ट मोडल जोडी घोषित हुँदा मायालाई पानको पातबाट विक्रम चौहान उत्कृष्ट निर्देशक चुनिए ।

त्यसैगरी ए आमा जाम भन्यो मलाईबाट बुद्ध थापा उत्कृष्ट छायाकार, वैशले जुरुक्क पार्‍योबाट दीपक विष्ट उत्कृष्ट म्युजिक भिडियो, संगीतकार तथा पैसा जोगाउनबाट रीतु बोहरा नवप्रतिभा अवार्डबाट पुरस्कृत भए । सबै विधाका विजेतालाई जनही ५ हजार रूपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो ।

रंगशाला

## करातेवान प्रिमियर लिग:

# एरिका फाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** एरिका गुरुङ चीनमा जारी कराते वान प्रिमियर लिगको फाइनलमा प्रवेश गरेकी छन् ।

सेमिफाइनलमा इटलीकी फेराकुट्टी क्लेअलाई ८-३ ले पराजित गर्दै एरिका फाइनलमा पुगेकी हुन् । एरिकाले अब उपाधिका लागि कजाखस्तानकी सोफिया बेरुत्सेभासँग खेल्नेछिन् ।

फाइनल खेल भोलि हुनेछ । यसअघि टर्किएमा भएको कराते वान प्रिमियर लिगमा पनि एरिकाले फाइनलमा सोफियासँगै खेलेकी थिइन् । त्यसबेला एरिका पराजित भएकी थिइन् ।

क्वाटरफाइनलमा एरिकाले स्लोभाकियाकी मारिया जिबरेत जालालाई ८-० ले पराजित गरेकी थिइन् । त्यसअघि समूह चरणमा एरिकाले लगातार तीन खेल जितेकी थिइन् ।

मोन्टेनेग्रोकी जोमाना डामजानोभिचलाई २-० ले पराजित गर्दा दोस्रो खेलमा डब्लुकेएफकी मारिया मालाखाभालाई सेन्युको आधारमा पराजित गरिन् ।

मारियासँग १-१ को बराबरीपछि एरिका सेन्सुको आधारमा विजयी भएकी थिइन् । तेस्रो खेलमा जर्मनीकी जोहान्ना कानिरलाई २-१ ले पराजित गरेकी थिइन् ।

प्रशिक्षक कुशल श्रेष्ठले पहिलो र दोस्रो खेलभन्दा तेस्रो र चौथो राउन्डमा आएर अझ सुदृढ प्रदर्शन भएको उल्लेख गरे । 'आजको ओभरअल गेम राम्रै भयो, रणनीतिक रूपमा तेस्रो र चौथो राउन्ड उसले निकै राम्रो खेल्यो, अबको हाम्रो टार्गेट गोल्ड मेडल हो' उनले भने, 'सोफिया हाम्रो लागि चिरपरिचित हो, यसपटक हराउँछौं ।'

## एचजेएनबीएल

# गोल्डेनगेटले जित्यो उपाधि

**काठमाडौं (प्रस)–** गोल्डेनगेट बास्केटबल क्लबले हिमालयन जाभा नेशनल बास्केटबल लिग (एचजेएनबीएल) २०२६ को उपाधि जितेको छ । विभागीय टोली त्रिभुवन आर्मी क्लब विरुद्ध यसअघिको तीन हारको बदला लिँदै गोल्डेनगेट च्याम्पियन बनेको हो । त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा शनिबार भएको फाइनलमा गोल्डेनगेटले आर्मीलाई ९५-७४ ले हरायो ।

यसअघि लिग चरणमा दुई र पहिलो क्वालिफायरमा गरि आर्मीले तीनपटक गोल्डेनगेटलाई पराजित गरेको थियो । तर फाइनलमा भने गोल्डेनगेटले आर्मी विरुद्ध सुरुवातदेखि नै दबाब बनाउँदै जित निकालेको हो । गोल्डेनगेटले पहिलो क्वाटरमा २४-१४ को अग्रता बनाएको थियो । दोस्रो क्वाटर पनि गोल्डेनगेटले १७-१२ ले आफ्नो पक्षमा पार्दै हाफटाइमसम्म ४१-२६ को अग्रता बनायो ।

तेस्रो क्वाटर निकै प्रतिस्पर्धात्मक बनेको थियो । आर्मीले अंकदूरी




घटाउने प्रयास गरेपनि तेस्रो क्वाटर गोल्डेनगेटले २७-२५ ले आफ्नो पक्षमा पार्दै अन्तिम क्वाटरअघि १७ अंकको अग्रता बनायो ।

गोल्डेनगेटले चौथो क्वाटर २७-२३ ले आफ्नो पक्षमा पार्दै ९५-७४ ले खेल जितेको हो । फाइनल खेलको म्यान अफ दि म्याच गोल्डेनगेटका जाइन खान घोषित भए । यस्तै प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गरेका गोल्डेनगेटका निकेश रख्याल मगर लिगकै मोस्ट भ्यालुएबल प्लेअर (एमभीपी) घोषित भए । नेपाल बास्केटबल संघ (नेबा) को आयोजना तथा हिमालयन जाभाको मुख्य प्रायोजनमा भएको प्रतियोगितामा कुल ८ टोलीको सहभागिता थियो । डबल राउण्ड रोबिन प्रणालीमा सञ्चाल भएको लिगमा शीर्ष चार टोलीले प्लेअफ खेलेका थिए ।

प्रतियोगिताको विजेता गोल्डेनगेटले ट्रफीसँगै नगद ४ लाख प्राप्त गरेको छ भने उपविजेताले २ लाख र तेस्रो हुनेले १ लाख हात पार्‍यो ।

# ट्वेल्व ट्रेनिङ सेन्टरको समर फुटबल क्याम्प सुरू

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्रिय फुटबल टोलीका पूर्व कप्तान विराज महर्जन तथा गोलरक्षक विकेश कुथुद्वारा सञ्चालित ट्वेल्व फुटबल ट्रेनिङ सेन्टरले शनिबारदेखि समर फुटबल क्याम्प २०२६ सुरु गरेको छ । सातदोबाटो स्थित नेपाल स्पोर्ट्स फेलोसिपको मैदानमा शनिबारदेखि आयोजित यो क्याम्प वैशाख ५ गते सम्म हुने छ । पहिलो दिन को क्याम्पमा ६१ विद्यार्थी सामेल थिए ।

छुट्टीको समयमा विद्यार्थीहरू लामो समय फोन, ल्यापटप, टिभी जस्तै इलेक्ट्रोनिक उपकरण हेर्दै आफ्नो समय बिताउने गर्दै गरेको र त्यसले दीर्घकालीन रूपमा शारीरिक तथा मानसिक स्वास्थ्यमा असर पर्ने हुँदा विद्यार्थीहरू लाई ग्याजेट बाट केही समय भए पनि टाढा राख्ने उद्देश्यका साथ यो क्याम्प आयोजना गरिएको हो ।

विद्यार्थीको मानिसको र शारीरिक स्वास्थ्यका साथै नेपालको लोकप्रिय खेल फुटबलमा सानै उमेर देखि आकर्षित पार्ने योजना पनि यस क्याम्पको रहेको छ ।

४ देखि १६ वर्ष सम्मका बालबालिका रहेको यस क्याम्पको पहिलो दिनमा उमेर अनुसार समूह विभाजन गरि प्रशिक्षण गराइयो । विद्यार्थीहरूलाई बिराज साथसाथै अन्य एएफसीद्वारा प्रमाणित उत्कृष्ट प्रशिक्षकहरूले प्रशिक्षण दिने छन् । विकेश भने त्रिभुवन आर्मी फुटबल क्लबसँग विराट गोल्डकप खेल्न गएकाले क्याम्पमा उपस्थित थिएनन् । उनी सम्मिलित त्रिभुवन आर्मी फुटबल क्लबले झापा ११ सँग आफ्नो पहिलो खेल खेलेको छ । बालबालिकाको वृद्धिलाई लक्षित गर्दै डेभलपमेन्ट प्लान तयार गरि सोही अनुसार क्याम्प अवधि भर बालबालिकालाई प्रशिक्षण गराइने छ । नेपाल फुटबल खेलाडी संघका अध्यक्ष तथा पूर्व राष्ट्रिय खेलाडी विक्रम लामा र एजिसका प्रबन्ध निर्देशक सुरज मगरद्वारा टीएफटीसी समर फुटबल क्याम्प २०२६ को औपचारिक उद्घाटन गरिएको थियो । एजिस स्पोर्ट्स वेयर बिक्रेता कम्पनी हो । यस कम्पनीले विशेष गरि जिम वेयर्सको बिक्री गर्दै आएको छ ।



चीनको जियाङ्सु प्रान्तको जुरोङस्थित बैतु सहरमा फूलहरूको बीचमा बसेर सेल्फी खिच्दै विदेशी विद्यार्थीहरू । *तस्बिरः सिन्ह्वा*

# कोलम्बिया-इक्वेडर व्यापार युद्ध चर्कियो

**बोगोटा–** दक्षिण अमेरिकाका दुई छिमेकी मुलुक कोलम्बिया र इक्वेडरबीच जारी व्यापार तनाव थप चर्किएको छ । इक्वेडरले कोलम्बियाली सामानमा कर बढाएको भोलिपल्ट नै कोलम्बियाले पनि प्रतिउत्तरस्वरूप इक्वेडरबाट आयात हुने वस्तुमा १०० प्रतिशतसम्मको भन्सार शुल्क लगाउने निर्णय गरेको जनाएको छ ।

कोलम्बियाको वाणिज्य मन्त्रालयका अनुसार यो कदम प्रत्यक्षरूपमा इक्वेडरको निर्णयको प्रतिक्रिया हो । बिहीबार इक्वेडरले कोलम्बियाली वस्तुमा लगाइँदै आएको ५० प्रतिशत करलाई बढाएर १०० प्रतिशत पुऱ्याएको थियो । त्यसको जवाफमा कोलम्बियाले पनि समान स्तरको शुल्क लागू गरेको हो ।

दुवै देशबीच केही महिनादेखि व्यापारिक विवाद चल्दै आएको छ । इक्वेडरका राष्ट्रपति डेनियल नोबोआले कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले साझा सीमामा लागुऔषध तस्करी र अवैध खनन नियन्त्रण गर्न नसकेको आरोप लगाउँदै आएका छन् । यही विषयले दुई देशबीचको सम्बन्धलाई थप तनावपूर्ण बनाएको छ ।

करवृद्धिमात्र नभई कूटनीतिक सम्बन्धमा पनि असर परेको छ । इक्वेडरको निर्णयपछि कोलम्बियाले आफ्नो राजदूतलाई बोगोटा फिर्ता बोलाएको छ । वर्षको सुरुदेखि नै इक्वेडरले चरणबद्ध रूपमा भन्सार शुल्क बढाउँदै आएको र त्यसको जवाफमा कोलम्बियाले पनि पारस्परिक भन्सार शुल्क लागू गर्दै आएको देखिन्छ । यो सुरुमा ३० प्रतिशतबाट बढ्दै १०० प्रतिशतसम्म पुगेको छ ।

यद्यपि, कोलम्बियाले केही क्षेत्रलाई भने आंशिकरूपमा सहज बनाउने संकेत दिएको छ । राष्ट्रपति पेट्रोले औद्योगिक उत्पादनका लागि आवश्यक केही कच्चा पदार्थमा 'शून्य प्रतिशत कर' लागू गरिने उल्लेख गरेका छन्, जसले घरेलु उद्योगलाई राहत दिन सक्छ ।

कोलम्बियाकी वाणिज्यमन्त्री डायना मोरालेसले दुवै देशबीच कूटनीतिक प्रयासहरू लगभग समाप्त भइसकेको बताउँदै स्थिति गम्भीर बन्दै गएको संकेत गरे । यसै साता पेट्रोले इक्वेडरका पूर्वउपराष्ट्रपति जोर्ज ग्लासलाई 'राजनीतिक बन्दी' भनेपछि विवाद झन् बढेको हो ।

ग्लासले २०१३ देखि २०१८ सम्म विभिन्न सरकारहरूमा सेवा गरेका थिए र गत वर्ष भ्रष्टाचारको आरोपमा १३ वर्षको जेल सजाय पाएका थिए । उनले जेलमा अमानवीय व्यवहार भोग्नुपरेको दाबी गर्दै आएका छन् ।

तनाव यति बढेको छ कि कोलम्बियाले पेरु, बोलिभिया र इक्वेडर सम्मिलित क्षेत्रीय संगठन एण्डियन कम्युनिटी अफ नेसन्स (क्यान) बाट बाहिरिने सम्भावना पनि उठाएको छ । यद्यपि, क्यानले शुक्रबार दुवै देशबीच संवाद गराउने प्रयासस्वरूप कूटनीतिक बैठक आयोजना गरेको जनाएको छ । आर्थिक दृष्टिले दुवै देश एकअर्कामा निर्भर छन् । कोलम्बियाले इक्वेडरमा मुख्य रूपमा बिजुली, औषधि, सवारी साधन, सौन्दर्य सामग्री र प्लास्टिकजन्य वस्तु निर्यात गर्छ भने इक्वेडरबाट तरकारीजन्य तेल, डिब्बाबन्द टुना, खनिज तथा धातु आयात गर्छ ।

यस क्षेत्रको अर्को जटिल पक्ष लागुऔषध तस्करी पनि हो । कोलम्बिया र पेरुमा उत्पादित करिब ७० प्रतिशत कोकेन इक्वेडर हुँदै प्रशान्त महासागरका बन्दरगाहबाट बाहिरिने गरेको छ । यसले इक्वेडरलाई आपराधिक गतिविधिको केन्द्र बनाएको छ । एक समय शान्त मानिएको इक्वेडर अहिले आपराधिक समूहहरूबीचको संघर्षले प्रभावित भएको छ, जसका कारण हिंसा र हत्याका घटनामा उल्लेखनीय वृद्धि भएको छ । यस्तो अवस्थामा व्यापार युद्धसँगै सुरक्षाको चुनौतीले पनि क्षेत्रीय स्थायित्वमा थप दबाब सिर्जना गरेको छ । *रासस/एएफपी*

# चन्द्रयात्राबाट सुरक्षित फर्कियो आर्टेमिस द्वितीय





**ह्युस्टन–** आधा शताब्दीपछि मानवलाई पुनः चन्द्रमाको नजिक पुऱ्याएको ऐतिहासिक आर्टेमिस द्वितीय अभियान शुक्रबार प्रशान्त महासागरमा सफल स्प्ल्यासडाउन (समुद्र वा पानीमा हुने अवतरण) सँगै सम्पन्न भएको छ । अत्यन्त जोखिमपूर्ण पुनःप्रवेश पार गर्दै अन्तरिक्षयात्रीहरूले केवल सुरक्षित अवतरणमात्र गरेनन्, मानव अन्वेषणको नयाँ अध्याय सुरु गर्ने मार्ग पनि तयार पारे ।

करिब १० दिन लामो यस अभियानले चन्द्रमाको टाढाको भागदेखि दुर्लभ खगोलीय दृश्यहरू अवलोकन गऱ्यो । अन्तरिक्षको असीम शून्यताबीच देखिएको पूर्णसूर्यग्रहण, ग्रहहरूको अद्भुत पंक्ति र पृथ्वीको झल्कोले यात्रालाई वैज्ञानिकमात्र नभई, भावनात्मकरूपमा पनि ऐतिहासिक बनायो ।

मिसन सम्पन्न गरी फर्किएका कमाण्डर रिड वाइसम्यान, पाइलट भिक्टर ग्लोभर, क्रिस्टिना कोच र क्यानाडाका जेरेमी ह्यानसेन सान डिएगो नजिक समुद्रमा अवतरण गरेको क्याप्सुलबाट बाहिरिँदा उनीहरूमा उत्साह र राहत दुवै झल्किएको थियो । सैन्य हेलिकप्टरहरूले उनीहरूलाई एक-एक गरी उद्धार गर्दै अमेरिकी नौसेनाको जहाज युएसएस जोन पी मुर्तासम्म पुऱ्याएका थिए ।

नासाका प्रशासक जारेड आइज्याकम्यानले यस टोलीलाई 'मानवताको प्रतिनिधि' का रूपमा व्याख्या गर्दै उनीहरूको योगदानले आगामी चन्द्र अवतरणका लागि आधार तयार गरेको बताए । नासाको मिसन कन्ट्रोलमा पनि सफल अवतरणसँगै उत्सवको माहोल देखिएको थियो । अधिकारीहरूले यसलाई 'नयाँ मूनसटको सुरुआत'का रूपमा चित्रण गरेका छन् ।

ओरिअन क्याप्सुल 'इन्टिग्रिटी'ले पृथ्वीको वायुमण्डलमा प्रवेश गर्दा ध्वनिको गतिभन्दा ३३ गुणा तीव्र गतिमा यात्रा गरेको थियो । पुनःप्रवेशका क्रममा क्याप्सुल अत्यधिक तापमा रातो-तातो प्लाज्माले घेरिएको थियो, जसका कारण केही समय सञ्चार अवरुद्ध भएको थियो । यही क्षण मिसनको सबैभन्दा संवेदनशील चरण मानिएको थियो, जहाँ तापीय ढालको सफलतामाथि सम्पूर्ण टोलीको सुरक्षाको निर्भरता थियो ।

छ मिनेट लामो ब्ल्याकआउटपछि क्याप्सुल पुनः सम्पर्कमा आउँदा परिवारजन र वैज्ञानिकहरू दुवैले राहत महसुस गरेका थिए । अन्ततः करिब ३९ हजार ६९३ किलोमिटर प्रतिघण्टा गतिबाट घट्दै क्याप्सुल सुरक्षितरूपमा समुद्रमा अवतरण भएको थियो ।

यस अभियानले विविधता र समावेशिताको सन्देश पनि दिएको छ । क्रिस्टिना कोच चन्द्रमातर्फ उड्ने पहिलो महिला बनिन् भने भिक्टर ग्लोभर पहिलो अश्वेत अन्तरिक्षयात्री र जेरेमी ह्यानसेन पहिलो गैरअमेरिकी नागरिकका रूपमा इतिहासमा दर्ज भए । उनीहरूले आफ्नो अनुभव साझा गर्दै भावुक क्षणहरू पनि व्यक्त गरेका थिए ।

अप्रिल १ मा फ्लोरिडाबाट प्रक्षेपण गरिएको यो अभियानले चन्द्रमाको परिक्रमा नगरे पनि मानवले अहिलेसम्म यात्रा गरेको सबैभन्दा टाढाको दूरी (चार लाख छ हजार ७७१ किलोमिटर) पार गर्दै नयाँ कीर्तिमान बनायो । यस क्रममा अन्तरिक्षयात्रीहरूले चन्द्रमाको टाढाको भागका दृश्यहरू क्यामरामा कैद गरेका थिए, जुन मानव आँखाले यसअघि कहिल्यै देखेको थिएन ।

यात्राका क्रममा केही प्राविधिक समस्या पनि देखिएका थिए । पिउने पानी प्रणाली, इन्धन प्रवाह नियन्त्रण गर्ने भल्भमा समस्या देखिएको थियो र शौचालयमा समस्या आए पनि टोलीले ती चुनौतीहरू सफलतापूर्वक व्यवस्थापन गरेको जनाएको छ । पुनःप्रवेशपछि क्याप्सुलको तापीय ढालको थप परीक्षण गरिने तयारी गरिएको छ ।

नासाका अनुसार यो अभियान आगामी चन्द्र अवतरण योजनाको परीक्षण उडान थियो । संशोधित कार्यक्रमअनुसार अर्को चरणमा आर्टेमिस तृतीयमार्फत कक्षीय अभ्यास गरिने छ भने सन् २०२८ मा आर्टेमिस चतुर्थअन्तर्गत चन्द्रमाको दक्षिणी ध्रुवमा मानव अवतरणको लक्ष्य राखिएको छ ।

अन्तरिक्षयात्री वाइसम्यानले यस अभियानलाई केवल प्राविधिक उपलब्धिमात्र नभई मानवतालाई एकताबद्ध गर्ने अवसरका रूपमा लिन आग्रह गरे । उनले पृथ्वीको सुन्दरता र ब्रह्माण्डमा यसको विशिष्ट स्थान सम्झनुपर्ने आवश्यकता औंल्याउँदै यस यात्राले सबैलाई साझा भविष्यतर्फ प्रेरित गर्ने विश्वास व्यक्त गरे । *रासस/एपी*

# अमेरिकी दबाबपछि चागोस सम्झौता रोकिने अवस्थामा

**लण्डन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कडा आलोचनापछि बेलायतले चागोस टापुहरू मौरिटियसलाई फिर्ता गर्ने आफ्नो बहुप्रतीक्षित योजना स्थगित गरेको छ । रणनीतिकरूपमा महत्त्वपूर्ण डिएगो गार्सियास्थित संयुक्त अमेरिका-बेलायत सैन्य अड्डाको भविष्यलाई लिएर बढ्दो अन्तर्राष्ट्रिय चासोबीच लण्डनले यस्तो निर्णय लिएको हो ।

बेलायती सरकारका प्रवक्ताले शनिबार जारी गरेको वक्तव्यमा अमेरिकाको समर्थनविना कुनै पनि सम्झौता अघि नबढाइने स्पष्ट पारे । उनका अनुसार चागोससम्बन्धी कानुनी प्रक्रिया अघि बढाउने समय संसद्मा सकिएकाले तत्कालका लागि योजना रोकिएको हो ।

गत वर्ष भएको सम्झौताअनुसार बेलायतले हिन्द महासागरमा रहेको चागोस द्वीपसमूह मौरिटियसलाई हस्तान्तरण गर्ने र मुख्य टापु डिएगो गार्सियालाई ९९ वर्षका लागि भाडामा लिएर सैन्य अड्डा सञ्चालन जारी राख्ने प्रस्ताव गरिएको थियो । तर यस विषयमा अमेरिकाले उठाएको सुरक्षासम्बन्धी चिन्ताले प्रक्रिया प्रभावित भएको छ ।

डिएगो गार्सियालाई अमेरिका र बेलायत दुवैका लागि अत्यन्त महत्त्वपूर्ण रणनीतिक सैन्य सम्पत्तिका रूपमा हेरिन्छ । डाउनिङ स्ट्रिटका प्रवक्ताले यसको दीर्घकालीन सुरक्षा सुनिश्चित गर्नु नै मुख्य प्राथमिकता रहेको उल्लेख गरेका छन् । उनले अमेरिका र मौरिटियससँगको संवाद भने जारी रहने जानकारी दिए ।

यसअघि ट्रम्पले उक्त सम्झौताप्रति तीव्र असन्तुष्टि जनाउँदै यसलाई 'ठूलो मूर्खता' भन्दै आलोचना गरेका थिए । उनले बेलायतले विनाकारण यस्तो महत्त्वपूर्ण टापु छाड्न लागेको आरोप लगाउँदै यस कदमलाई चीन र रुसले कमजोरीका रूपमा व्याख्या गर्न सक्ने चेतावनी दिएका थिए ।

बेलायतले डिएगो गार्सियालाई हालै इरानसँग सम्बन्धित क्षेत्रीय तनावका क्रममा 'रक्षात्मक अपरेसन'का लागि अमेरिकालाई प्रयोग गर्न अनुमति दिएको थियो, जसले यसको रणनीतिक महत्त्व झनै स्पष्ट पारेको छ ।

यद्यपि, बेलायती प्रधानमन्त्री किर स्टार्मरले यसअघि अन्तर्राष्ट्रिय कानुनी निर्णयहरूले चागोसमा बेलायतको दाबी कमजोर बनाएको तर्क गर्दै मौरिटियससँगको



सम्झौता आवश्यक रहेको बताएका थिए । सन् २०१९ मा अन्तर्राष्ट्रिय न्याय अदालतले पनि चागोस टापुहरू मौरिटियसलाई फिर्ता गर्न सिफारिस गरेको थियो ।

इतिहासतः १९६० को दशकमा मौरिटियस स्वतन्त्र भएपछि पनि बेलायतले चागोस टापुहरू आफ्नो नियन्त्रणमा राखेको थियो । त्यस क्रममा हजारौं स्थानीय बासिन्दालाई जबरजस्ती विस्थापित गरिएको थियो, जसका कारण लामो समयदेखि क्षतिपूर्तिको माग गर्दै कानुनी लडाइँ जारी छ ।

हालका लागि चागोस सम्झौता पूर्णरूपमा खारेज भने गरिएको छैन । सरकारी अधिकारीहरूले भविष्यमा नयाँ विधेयकमार्फत यसलाई पुनः अघि बढाउन सकिने संकेत दिएका छन् । तर संसद् विघटन हुनुअघि आवश्यक कानुनी प्रक्रिया पूरा नहुने निश्चित भएको छ ।

यसबीच, प्रस्तावित सम्झौताअन्तर्गत बेलायतले तिर्नुपर्ने वार्षिक भाडा रकमबारे स्पष्ट विवरण सार्वजनिक गरिएको छैन । यद्यपि, वार्षिक करिब नौ करोड पाउण्ड खर्च हुने अनुमानलाई सरकारले खण्डन गरेको छैन । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोहरूखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहिरूत दाहरूाल) – फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal-पुतलीसडक चोक, फोन नं.9851079417, 2297501|HaLMax¿Communication-Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर, कलंकी चोक, फोन नं.९८४१०२१५२३, ९८५१०८८६७७, ९८१०१२३१३१, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं, सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९६९०० | प्रति तोला – ० | प्रति तोला – ४९६० |



**शनिबारे हाटबजार** | काठमाडौँको टोखा नगरपालिका–३ स्थित टोखामा शनिबार लाग्ने हाटबजारमा बिक्रीका लागि राखिएको तरकारी खरिद गर्दै उपभोक्ता।

*तस्बिरः हरिराम भेटुवाल/रासस*

## ‘गरिबी र बेरोजगारी नै चोरी पैठारीका कारक’

■ प्रभाव संवाददाता



**नेपालगन्ज–** अर्थ मन्त्रालयका सचिव डा. घनश्याम उपाध्यायले गरिबी, बेरोजगारी र खुला सीमाका कारण चोरी पैठारी हुने गरेको बताएका छन्।

अर्थ मन्त्रालयको राजस्व परामर्श समितिले आयोजना गरेको सुझाव संकलन तथा अन्तर्क्रियामा उनले व्यक्तिगत नाफा वा घाटाभन्दा माथि उठेर एकले अर्कालाई सहजीकरण गर्न आवश्यक भएको बताए। सचिव उपाध्यायले कर्मचारीतन्त्रमा कुनै समस्या रहेमा बताउन आग्रह गर्दै सबै सुधारिन जरुरी रहेको बताए। उनले भने, ‘निकासी करको विषय हामीलाई महसुस भएको छ, तर यसलाई कानुनी रूपमा सम्बोधन गर्न केही समय लाग्छ।’

उद्योगी, व्यापारी तथा व्यवसायीका अवाञ्चित गतिविधिलाई राज्ले निगरानी गर्ने कुरामा जोड दिँदै सचिव उपाध्यायले अवाञ्चित गतिविधि राज्यले सहन नसक्ने उल्लेख गरे। खुला सीमाका कारण आउने समस्यामध्ये झोले, पोकेको डम्पिङ कहाँ भएको छ त्यसको निगरानीसमेत बढाउन आग्रह गर्दै सचिव उपाध्यायले वास्तविक व्यवसायी तथा व्यापारीको संरक्षण आवश्यक भएको धारणा व्यक्त गरे।

बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले चोरीपैठारी हुनुमा प्रवृत्तिगत समस्या रहेको उल्लेख गर्दै चोरीपैठारी गरेर ल्याउने सामान गुणात्मक ढंगले पक्राउ गर्न सफल भएको जानकारी दिए।

नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य अब्दुल वाहिद मन्सुरीले खुला सीमाका कारण ८० प्रतिशत सामानको तस्करी हुने गरेको उल्लेख गर्दै राज्यलाई राजस्व तिरेपछि त्यसको सुविधा पनि व्यवसायीले पाउनुपर्ने माग गरे।

जडीबुटी व्यवसायी संघका अध्यक्ष टंक शर्माले निकासी कर १०० प्रतिशत लगाउनु व्यावहारिक नभएको टिप्पणी गरे। खाद्य उद्योगी प्रदीप छाछेडले कच्चा पदार्थ र तयारी मालमा लगाउने भन्सार दर एउटै हुन नहुने बताए। अटो व्यवसायी संघका अध्यक्ष नरेन्द्र ओलीले कर्मचारीको सेटिङमा तस्करी मौलाएको आरोप लगाउँदै गाडीका पार्ट घरघरमा आउन थालेको बताए। गार्मेन्ट व्यवसायी कस्मिरा खातुनले निजी विद्यालयका ड्रेस भारतमा गएर किन्नुपर्ने बाध्यताको अन्त्य हुन जरुरी भएकामा जोड दिँदै ती ड्रेस नेपालगन्ज बजारमा उपलब्ध भएको बताए।

उद्योग वाणिज्य संघ नेपालगन्जका कार्यवाहक अध्यक्ष हरिलाल न्यौपानेको अध्यक्षतामा भएको सो कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक पदमकुमार श्रेष्ठ, उद्योगी तथा व्यवसायीहरू अजयकुमार टण्डन, भुवन गैरे, सन्देश सोनी सञ्जय अग्रवाललगायतले भन्सार महसुल तथा राजस्वका विषयमा धारणा राखेका थिए।

## रुग्ण आयोजना प्राथमिकतामा

■ प्रभाव संवाददाता

**काठमाडौं –** ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठले देशलाई थप वित्तीय भार पर्ने नयाँ आयोजना सुरु गर्नुभन्दा वर्षौंदेखि रुग्ण रहेका आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्ने लक्ष्य रहेको बताएका छन्।

जलस्रोत तथा सिँचाइ मन्त्रालयका वरिष्ठ अधिकारीहरूसँगको छलफलमा रुग्ण आयोजना वर्गीकरण तिनलाई यथाशक्य चाँडो पूरा गर्नेतर्फ लाग्नुपर्नेमा जोड दिँदै उनले मन्त्रीस्तरीय निर्णय तत्काल हुने अन्य तहबाट पनि जिम्मेवारीअनुसार परिणाम देखिने गरी कार्य गर्न निर्देशन दिए। उनले भने, ‘चालु आवको बाँकी तीन महिनामा जनताले सुधारको अनुभूति गर्ने र परिणाम देखिने गरी सबै मिलेर काम गरौं।’

वित्तीय, शासकीय तथा संरचनागत सुधारका सम्भावनाबारे सहकार्य गर्नुपर्नेमा जोड दिँदै मन्त्री श्रेष्ठले क्षमता, सीप र बजेटको अधिकतम उपयोगमार्फत लक्ष्य हासिल गर्नुपर्ने बताए।

जलस्रोत सचिव सरिता दवाडीले आयोजनाहरू जग्गा प्राप्ति, रुख कटानलगायत समस्याबारे जानकारी दिँदै राष्ट्रिय गौरवका आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने बताए।

हाल बबई, सिक्टा, रानी-जमरा-कुलरिया सिँचाइ आयोजना र सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनालगायत छ वटा राष्ट्रिय गौरवका आयोजना सञ्चालनमा छन्। सिँचाइ विभागले २१५ वटा ठेक्कामार्फत विभिन्न आयोजना निर्माण गरिरहेको छ। समस्याग्रस्त ३३ ठेक्कामध्ये २२ वटा रद्द भएका छन्।

## ‘गाउँ पर्यटन प्रवर्द्धन मञ्च’को अध्यक्षमा थपलिया

**काठमाडौं (प्रस)–** गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) नेपालको अध्यक्षमा हरिशरण थपलिया निर्वाचित भएका छन्। शनिबार सम्पन्न २७औँ वार्षिक साधारणसभा तथा १३औं अधिवेशनबाट सफिसियन्ट कार्गो प्रालिका सञ्चालक थपलियाको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति निर्वाचित भएको हो।

यसैगरी, प्रथम उपाध्यक्षमा मनहरि दाहाल, द्वितीय उपाध्यक्षमा विनोद वस्ती, महासचिवमा अजिब भट्ट, सचिवमा सुरेन्द्र भट्ट निर्वाचित भएका छन्। विसं २०५४ सालमा नेपालको ग्रामीण क्षेत्रको पर्यटन विकासका लागि स्थापना भएको भिटोफ नेपालले हालसम्म देशभरका ३२ वटा गाउँमा सामुदायिक होमस्टे मार्फत पर्यटनको विकासमा योगदान पुऱ्याएको छ।

## ‘देशको आर्थिक विकासका निम्ति निजी क्षेत्रलाई समेट्नुपर्छ’

■ प्रभाव संवाददाता


**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूले सामाजिक न्यायसहित मुलुकको समग्र आर्थिक विकासको निम्ति सरकारले निजी क्षेत्रलाई सँगसँगै लिएर जानुपर्नेमा जोड दिएका छन्।

राष्ट्रिय उद्यम विकास सहजकर्ता महासंघ नेपालको तेस्रो राष्ट्रिय महाधिवेशनको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सांसदहरूले निजी क्षेत्रको पुँजीलाई बलियो बनाउन सकेको खण्डमा मात्रै देशले आर्थिक विकासको गति लिनुपर्नेमा जोड दिएका हुन्।

रास्वपाका सांसद मनिष झाले सरकारले निजी क्षेत्रबाट सञ्चालित साना लगानीका उद्यमलाई प्राथमिकताका साथ अघि बढाउने विश्वास व्यक्त गरे। उनले भने, ‘निजी क्षेत्रको पुँजी र उद्यमशीलतालाई बलियो बनाउन सक्दा मात्रै मुलुकको अर्थतन्त्र बलियो हुन सक्छ, देशको अर्थतन्त्रको आधार भनेकै निजी क्षेत्र हो, त्यसैले सरकारले पनि निजी क्षेत्रको पुँजी बलियो बनाउनेतर्फ बढी जोड गर्नुपर्छ।’

अर्का सांसद सुशान्त वैदिकले सरकारले उद्यमशीलताको विषयलाई प्राथमिकता दिएको बताए। सरकारले जारी गरेको १०० कार्ययोजनामा उद्यमशीलतालाई जोड दिएको उनको भनाइ छ। उनले भने, ‘गाउँघरमा सञ्चालन गरिएका साना लघु उद्यमको देशतन्त्र उकास्न सबैभन्दा ठूलो भूमिका खलेको हुन्छ, त्यसैले देशको आर्थिक रूपान्तरण गर्न देशमा सामाजिक न्यायसहितको आर्थिक उन्नति हासिल गर्न गाउँगाउँकका साना तथा मझौला उद्योगको विकासमा जोड दिनुपर्छ।’

## ‘मुन्दुम पदमार्ग’ क्षेत्रमा गुराँस ढकमक्क



**भोजपुर –** वसन्त ऋतुको आगमनसँगै पूर्वी पहाडी भेगका वन-जंगल यतिबेला राताम्य बनेका छन्। विशेषगरी भोजपुरको प्रसिद्ध मुन्दुम पदमार्ग क्षेत्रमा ढकमक्क फुलेका गुराँसले यहाँको प्राकृतिक सौन्दर्यलाई झन् लोभलाग्दो बनाएको छ।

यस पदमार्गका जंगल यतिबेला गुराँसका विभिन्न प्रजातिले ढाकिएका छन्। रातो, गुलाबी र सेतो गुराँसले बनाएका रंगीन दृश्यले पदयात्रामा निस्किएका पर्यटकलाई आनन्द दिइरहेको छ। हरिया बनजंगलमाथि गुराँसको राताम्य रङ मिसिँदा देखिने दृश्यले जो कोहीलाई मोहित बनाउने गरेको छ। मुन्दुम पदमार्ग प्राकृतिक सौन्दर्य मात्र नभई सांस्कृतिक र धार्मिक दृष्टिले पनि उत्तिकै महत्वपूर्ण मानिन्छ। किराँत समुदायको मौलिक संस्कार, परम्परा र ‘मुन्दुम’ (धार्मिक ग्रन्थ)सँग जोडिएको यो क्षेत्रले किराँत सभ्यताको जीवनशैली झल्काउँछ।

पदमार्ग हुँदै यात्रा गर्दा स्थानीय समुदायको संस्कार, भाषा, वेशभूषा र परम्परागत जीवनशैली नजिकबाट अनुभव गर्न सकिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अदित दाहालले बताए। यिनै विशेषताका कारण पछिल्लो समय मुन्दुम पदमार्ग भ्रमण गर्न आउने पर्यटकको संख्या वृद्धि हुँदै गएको उनले जानकारी दिए। वसन्त ऋतु पदयात्राका लागि सबैभन्दा उपयुक्त समय भएकाले यतिबेला आन्तरिक पर्यटकको चहलपहल उल्लेख्य रूपमा बढेको टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए। पर्यटकलाई लक्षित गरेर चखेवामा चैत ३० देखि २०८३ वैशाख २ गतेसम्म रैथाने खाना महोत्सवसमेत आयोजना गरिएको उनको भनाइ छ।

‘गुराँस, चापलगायत फूलसँगै मुन्दुम पदमार्गको सुन्दरता झन् बढेको छ,’ अध्यक्ष बस्नेतले भने, ‘पर्यटकलाई लक्षित गरेर हामीले रैथाने खाना महोत्सव पनि आयोजना गरेका छौं।’

गुराँस फुल्ने मौसममा प्रकृतिप्रेमी, फोटोग्राफर तथा साहसिक यात्राका पारखीहरू मुन्दुम पदमार्गतर्फ आकर्षित हुने गरेका छन्। यस पदमार्गअन्तर्गत पर्ने टेम्केडाँडा, साल्पा पोखरी, सिलिचुङ, मैयुङडाँडाजस्ता पर्यटकीय स्थलहरू यतिबेला झन् आकर्षक बनेका छन्। टेम्केडाँडा तथा मैयुङडाँडाबाट देखिने हिमाली दृश्य, साल्पा पोखरीको धार्मिक महत्व र सिलिचुङको शान्त वातावरणले पर्यटकलाई विशेष अनुभव प्रदान गर्ने गरेको छ।

स्थानीय होटल तथा ‘होमस्टे’ व्यवसायी विवेक कुलुङका अनुसार गुराँस फुल्ने याम सुरु भएसँगै पर्यटक आगमन बढ्न थालेको छ। पर्यटकको मागअनुसार बसोबास, खाना र मार्गदर्शन सेवा विस्तार गरिँदै आएको छ। मुन्दुम पदमार्गमा पछिल्लो समय पूर्वाधार विकासमा पनि सुधार हुँदै गएको छ। पदमार्ग चिन्हाङ्कन, विश्रामस्थल निर्माण, सूचना बोर्ड स्थापनालगायत कामले पर्यटकलाई सहजता प्रदान गरेको छ। स्थानीय तह, संघीय सरकार, प्रदेश सरकार तथा पदमार्गमा आधारित पर्यटन परियोजना मिलेर संयुक्त रूपमा यस क्षेत्रको प्रवर्द्धनमा जोड दिइएको गाउँपालिका उपाध्यक्ष रमादेवी राईले बताइन्।

प्राकृतिक सौन्दर्य, जैविक विविधता, सांस्कृतिक सम्पदा र साहसिक पदयात्राको अद्वितीय संगमका रूपमा मुन्दुम पदमार्ग क्षेत्र यतिबेला गुराँसले ढकमक्क ढाकिँदै झन् रमणीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ। वसन्त ऋतुमा यहाँ पुग्ने जो कोही पर्यटकका लागि यो यात्रा अविस्मरणीय अनुभव बन्ने स्थानीयको भनाइ छ। *रासस*

## यातायात व्यवसायी महासंघको महाधिवेशन वैशाखमा

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सातौं राष्ट्रिय महाधिवेशन आगामी वैशाखमा हुने भएको छ। महासंघको केन्द्रीय सचिवालयले एक सूचना जारी गर्दै आगामी २०८३ वैशाख २७, २८ र २९ गते महाधिवेशन सम्पन्न गर्ने निर्णय भएको जानकारी दिएको हो।

महाधिवेशनलाई व्यवस्थित बनाउन महासंघले मातहतका निकायलाई विभिन्न निर्देशनहरू समेत जारी गरेको छ। साथै महासंघले जिल्ला अधिवेशन हुन बाँकी रहेका जिल्लाहरूलाई चैत मसान्तभित्र अनिवार्य रूपमा अधिवेशन सम्पन्न गर्न निर्देशन दिएको छ। तोकिएको समयभित्र अधिवेशन नगर्ने जिल्लाहरूलाई राष्ट्रिय महाधिवेशनमा सहभागी नगराइने सूचनामा उल्लेख छ।

यसैगरी महाधिवेशनमा भाग लिने प्रतिनिधिहरूको नामावली संकलनका लागि वैशाख १५ गतेसम्मको समय सीमा तोकिएको छ। प्रदेश संयोजकहरूले आ-आफ्नो प्रदेशबाट छनोट भएका प्रतिनिधिहरूको रेकर्ड सोही मितिको कार्यालय समय (साँझ ५:०० बजे) भित्र केन्द्रीय कार्यालयमा पेस गर्नुपर्नेछ।

यस्तै, महाधिवेशनमा सहभागी हुने प्रतिनिधिहरूले २/२ प्रति फोटो, सदस्य संस्थाको लेवी रकम र प्रतिनिधि शुल्क अनिवार्य रूपमा बुझाउनुपर्नेछ। लेवी वा अन्य आर्थिक दायित्व बाँकी रहेका सदस्यहरूलाई महाधिवेशनमा सहभागी नगराइने महासंघले स्पष्ट पारेको छ।

यस पटकको महाधिवेशनमा प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको छ। महासंघको केन्द्रीय समिति र प्रदेश समितिको निर्वाचन एकै दिन र एकै स्थानमा हुनेछ। निर्वाचन प्रक्रियालाई ‘प्रविधिमैत्री विद्युतीय मतदान’ बाट सम्पन्न गरिने सूचनामा उल्लेख छ।

यस्तै, बागमती प्रदेशभित्र समस्या रहेका जिल्लाहरूको हकमा भने केन्द्रीय सचिवालयले तोकेका पदाधिकारीहरूबाट नामावली प्रमाणीकरण गराई चैत १५ गतेभित्रै पेस गर्नुपर्ने व्यवस्था मिलाइएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ